का.जि.प्र.का.द.नं. १००/०५९/६०
४ वैशाख २०७९, आइतबार
17 April 2022, Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २०, अंक ७१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# शेखरद्वारा सिर्जित संशय

कांग्रेस नेता डा. शेखर कोइरालाले सभापति शेरबहादुर देउवालाई कमजोर बनाएर पार्टीभित्र शक्ति आर्जन गर्न खोज्दा पाँच दलीय गठबन्धनभित्र खटपट कायम छ ।

*“हाम्रो निर्णय गठबन्धन होइन, तालमेल मात्रै हो । तालमेल भए तालमेलबाट नभए मित्रवत प्रतिशपर्धा गरौं ।*
**■ विश्वप्रकाश शर्मा**
*महामन्त्री, नेपाली कांग्रेस*

*“एमाले र माओवादी फुटे, हामी जितिहाल्छौं भन्दा फेरि मिलिदिए भने नि ? उहाँहरु मिल्ने सम्भावना घटेको छैन्, मिल्न दिने भए दिऔं ।*
**■ शेरबहादुर देउवा**
*प्रधानमन्त्री*



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३ वैशाख ।

सत्तारुढ पाँच दल आसन्न स्थानीय तहको चुनावमा तालमेल गर्ने निर्णयमा छन् । तर, तालमेलको मोडालिटी तय हुन सकेको छैन् । परिणाममा कतै तालमेल बलियो नहुने हो कि भन्ने चिन्ता गठबन्धनमा आवद्ध राजनीतिक दलका नेता/कार्यकर्ताहरुले नै गर्न थालेका छन् ।

यसका पछाडि कांग्रेसभित्रको अन्तरविरोध प्रमुख कारण देखिन्छ । खासगरी डा.शेखर कोइराला एक्लै चुनाव लड्नुपर्ने, तालमेल गर्ने नै भए आवश्यकताका आधारमा एमालेसँग पनि तालमेल गर्नुपर्ने पक्षमा छन् । निरन्तर डा.शेखरले दिएको यस्तो सार्वजनिक अभिव्यक्तिकै कारण कतिपय नेता/कांग्रेस कार्यकर्ताहरु उत्साहित देखिन्छन् । त्यसले गर्दा पनि कांग्रेसले नेतृत्व नै पाउनुपर्ने नभए तालमेल नहुने अडान कसिरहेका छन् । पछिल्लो समय संखुवासभाका कांग्रेस नेताहरुले माओवादी केन्द्रसँग गठबन्धन हुने सम्भावना सकिएको सार्वजनिक अभिव्यक्ति नै दिएर हिडेका छन् ।

चितवनको भरतपुरका ५० जना कांग्रेस कार्यकर्ताले सामुहिक राजीनामा नै दिए । केन्द्रीय राजनीति हावी भएको भन्दै उनीहरुले राजीनामा नै दिएका हुन् । यस्तो परिस्थिति सिर्जना हुनुको पछाडि डा. शेखर कोइरालाको निरन्तरको अडान र अभिव्यक्ति रहेको स्वमं कांग्रेस नेताहरु बताउँछन् । कांग्रेस नेताहरु अब गठबन्धनभित्रै स्वस्थ प्रतिशपर्धा गरौं भन्ने प्रस्ताव गर्न थालेका छन् ।

केन्द्रीय कार्यसम्पादन समितिको शनिवार बसेको बैठकमा कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले ‘गठबन्धनभित्रै मित्रवत प्रतिशपर्धा गर्ने’ प्रस्ताव नै राखे । खासगरी चितवनको भरतपुरलाई देखाएर उनले यस्तो प्रस्ताव गरेका हुन् । ‘हाम्रो निर्णय गठबन्धन होइन तालमेल मात्रै हो । तालमेल भए तालमेलबाट नभए मित्रवत प्रतिस्प्रधा गरौं’ शर्माको प्रस्ताव छ । तर, कांग्रेसभित्रको यस्तो प्रस्ताव र बहसले पाँच दलीय सत्ता गठबन्धन कतै टुट्छ कि भन्ने संशय गठबन्धनमा रहेका अन्य सहयात्री दलहरुलाई परेको छ ।

यही सुइँको पाएर प्रमुख विपक्षी एमालेले गठबन्धन दिगो नहुने भयो भनेर भोट माग्न थालिसकेको छ । नेकपा एमाले चितवन काठमाडौं सम्पर्कमञ्चले शनिवार काठमाडौंमा गरेको कार्यक्रमलाई सम्बोधन गर्दै एमाले एमाले उपमहासचिव प्रदीप ज्ञवालीले भने, ‘चुनावसम्म सत्तागठबन्धन एकतावद्ध हुने अवस्था छैन् त्यसकारण गठबन्धन भनेर भोट आउने देखिन्न । यसको फाइदा हामीले नै लिने हो कमरेडहरुले ख्याल गर्नुपर्छ ।’

**■ शेखर दाऊ**

शेरबहादुर देउवालाई कमजोर पारेर राजनीतिक हाइट लिने दाऊ डा. शेखर कोइरालाको रहेको र सोही अनुसार उनी चुनावी तालमेलको विषयमा बोलिरहेको सभापति देउवा निकट नेताहरु बताउँछन् । यसो हुँदा स्वमं कांग्रेस हार्ने कुरालाई ख्याल नगरिए पछुताउनुपर्ने कतिपय नेताहरुको बुझाइ छ ।

१२ चैत २०७८ सालमा सभापति देउवा र नेता शेखर कोइरालाबीच चुनावी तालमेलबारे सवालजवाफ नै भएको थियो । जहाँ शेखरले एक्लै चुनाव लडौं भन्दा देउवाले माओवादी केन्द्र र एमालेलाई फेरि मिल्न दिने भउ दिऊँ भनेका थिए ।

गठबन्धन गरिरहने हो भने कांग्रेसको हालत भारतको कांग्रेस आईको जस्तो हुने भन्दै कोइरालाले चुनावी तालमेलको विपक्षमा

– बाँकी पृष्ठ २ मा




# कमल थापाको ‘धर्म संकट’

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ वैशाख ।

आगामी वैशाख ३० मा हुने स्थानीय चुनावमा दुई गठबन्धनबीच प्रमुख प्रतिशपर्धा हुने देखिन्छ । सत्ता गठबन्धनको नेतृत्व नेपाली कांग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले गर्दैछन् । देउवा नेतृत्वको गठबन्धनमा नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चा संलग्न छन् । जबकी यी गठबन्धनका दलहरुबीच राजनीतिक एजेण्डा आपस मिल्दैन । गएको १५ फागुनमा एमसीसी अनुमोदनकै क्रममा त्यो पुष्टि भइसकेको छ ।

एमसीसी अनुमोदनको पक्षमा कांग्रेस प्रष्ट निर्णय सहित उभिदा गठबन्धनका बाँकी दलहरु विरोधमा उत्रिएका थिए । जनमोर्चाले त व्याख्यात्मक टिप्पणी सहित एमसीसी अनुमोदन भइरहँदा मोर्चाबाटै अलग भएको निर्णय गरेको थियो । जनमोर्चा संघीयताको विपक्षमा छ । माओवादी केन्द्र र जसपाबीच केही राजनीतिक एजेण्डामा सहमति छ । कांग्रेस र एकीकृत समाजवादी कतिपय एजेण्डामा नजिक छन् । तर एमालेविरुद्ध यो मोर्चा प्रतिशपर्धामा उत्रने तयारीमा छ ।



पञ्चायतले राष्ट्रिय राजनीतिमा हुर्काएको, हिन्दू राज्य र संवैधानिक राजतन्त्रको पक्षमा वकालत गर्दै आएका कमल थापा यसपटक संगठनात्मक रुपमा कमजोर मात्रै छैनन्, कम्युनिष्ट पार्टीको चुनाव चिन्हबाट चुनावी मैदानमा उत्रनुपर्ने ‘धर्म संकट’मा देखिन्छन् ।

अर्कातिर एमालेको गठबन्धन अझ रोचक छ । एमालेले यसपटक राप्रपा नेपाल र परिवार दलसँग तालमेल गर्दैछ । जबकी कमल थापा नेतृत्वको राप्रपा नेपालसँग एमालेको कयौं असहमति छ । कमल थापा पञ्चायतले हुर्काएको नेता हुन् । एमाले अध्यक्ष केपी शर्मा ओलीलाई १४ वर्ष जेल सजाय दिएको पञ्चायतको प्रतीककै रुपमा कमल थापाको राजनीतिक चिनारी निर्माण भयो । पञ्चायतमा बनेको राष्ट्रिय विद्यार्थी मण्डलका अध्यक्ष थिए, कमल थापा । त्यही मण्डलबाट मण्डले भनेर कांग्रेस र कम्युनिष्टहरुले कमल थापालाई परिचय दिए । अहिले तिनै थापा एमाले नेतृत्वको गठबन्धनमा सामेल छन् ।

अझ ठूलो धर्म संकट भने थापालाई नै देखिएको छ । किनभने उनी नेतृत्वको राप्रपा नेपाल एमालेकै चुनाव चिन्हबाट चुनावी मैदानमा उत्रदैछ । राष्ट्रिय राजनीतिमा आफूले बोकेको धार राजेन्द्र लिङदेनको कब्जामा पुगेपछि थापा यो विकल्पमा हिड्न बाध्य भएका हुन् । गएको मंसिरमा सम्पन्न राप्रपाको एकता महाधिवेशनमा थापालाई पराजित गर्दै लिङदेन राप्रपाका अध्यक्ष निर्वाचित भए । चुनाव चिन्ह हलो, गाइ अंकित झण्डा र मूल संगठन लिङदेनसँगै रह्यो ।

पूर्वराजा ज्ञानेन्द्र शाहले आफूलाई हराएको निष्कर्ष सहित कमल थापाले भने विद्रोह गर्दै राप्रपा नेपाल गठन गरे । चुनाव चिन्ह तीर रोजे । जबकी राजपरिवारले नै थापालाई राष्ट्रिय राजनीतिक हैसियत देखिएका थिए । २०६२/०६३ सालको दोस्रो जनआन्दोलनमा ज्ञानेन्द्र शाह नेतृत्वको सरकारमा थापा गृहमन्त्री थिए ।

– बाँकी पृष्ठ २ मा

बालविवाह सामाजिक र कानूनी अपराध हो ।

■ बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
■ उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
■ त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

स्थानीय चुनाव

# नजरमा काठमाडौं महानगर

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३ वैशाख ।

प्रमुख राजनीतिक दलदेखि स्वतन्त्र उम्मेद्वारको आकर्षणको केन्द्र काठमाडौं महानगरपालिका बनेको छ । स्थानीय निर्वाचनको मिति नजिकिएसँगै दलका नेता देखि स्वतन्त्र उम्मेदवारी दिने नेताहरुको आकर्षण कामनपा बनेको हो ।

हाल सत्तामा रहेका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले गठबन्धन गर्ने निर्णय गरेसँगै उनीहरुले कामनपाको उम्मेद्वार टुंगाएका छैनन् । यति सम्म कि कसले कामनपा पाउने भन्ने टुंगो समेत लागेको छैन ।

अहिले गठबन्धनका नेताहरुमा नेपाली कांग्रेसबाट पूर्वमेयर तिर्थमान डंगोल, वर्तमान ‘उपप्रमुख’ हरिप्रभा खड्गी, काठमाडौं महानगर सभापति निलकाजी शाक्य, सभापतिका अर्का उमेदवार प्रगतिमान रञ्जित पनि मेयरको दौडमा छन् ।

महानगरको नेतृत्व गर्नका लागि अघिल्लो चुनावका मेयरका उमेदवार राजुराज जोशी र १६ नम्बर वडाका वर्तमान वडा अध्यक्ष तथा क्षेत्र नम्बर ६ का कांग्रेस सभापति मुकुन्द रिजाल पनि मेयर पदका आकांक्षी देखिएका छन् ।

त्यसैगरी माओवादी केन्द्रबाट आकांक्षीकम देखिन्छन् भने नेकपा एकीकृत समाजवादीबाट सांसद समेत रहेका जीवनराम श्रेष्ठ इच्छुक देखिएका छन् । यता, प्रमुख प्रतिपक्षी दल नेकपा एमालेबाट पनि महानगरको मेयरमा उठ्न इच्छुकहरुको लिष्ट नै बनेको छ ।

तर, एमालेले मेयरका लागि हालका मेयर विद्यासुन्दर शाक्यसहित केशव स्थापित, रामवीर मानन्धर, निर्मल देउला र इन्दिरा पन्तको नाम सिफारिस गरेको छ । उपमेयरका लागि पनि एमालेले रत्ना गुरुङ, पेम्बालामा, निना काफ्ले र शान्ति अधिकारीको नाम सिफारिस गरेको छ ।

तर, नेकपा एमालेका नेताहरु भने अघिल्लो निर्वाचनको नतिजाले उत्साहित देखिएका छन् । एमालेका उम्मेदवार शाक्य १९ हजार बढी मतान्तरले निर्वाचित भएका थिए । शाक्यले ६४,९१३ मतल्याएर मेयर जित्दा निकटतम प्रतिद्वन्द्वी कांग्रेसका राजुराज जोशीले ४५,२६९ मत ल्याएका थिए । त्यस्तै, माओवादी केन्द्रकाउम्मेदवारले ७,९०६, नयाँ शक्तिका उम्मेदवारले ६,०५०, जनमोर्चाले १३१ मत र फोरम लोकतान्त्रिकले ११८ मतल्याएको थियो ।

अहिले सत्ता गठबन्धनमा रहेका यी सबै दलको मत जोड्दा ५९,४७४ मात्रै हुन्छ । अर्थात् २०७४ कै मतअनुपात कायम रहे सत्ता

– बाँकी पृष्ठ २ मा

लोकतान्त्रिक एसोसिएसनमा प्रतिस्पर्धीलाई कमजोर देखाउँदै आफ्नो पक्षमा माहोल बनाउने प्रयास

# अध्यक्ष प्रत्यासीका एजेण्डा के–के ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ वैशाख ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको यहि वैशाख ७ गते नयाँ नेतृत्वको निर्वाचनका लागि प्रचारप्रसार र आन्तरिक लविङ तीव्ररूपमा अघि बढेको छ । साधारणसभाको मिति सामुन्ने आउँदै गर्दा व्यवसायीहरू प्रतिस्पर्धीलाई आफुभन्दा कनिष्ठ र नेतृत्व क्षमताका दृष्टिकोणले कमजोर देखाउँदै आफुलाई अब्बलका रूपमा प्रचार गर्ने क्रम शुरू भएको छ ।

एसोसिएसनले सम्भव भए आइतबार कार्यसमितिको बैठक बस्ने र उक्त बैठकमा पार्टीका निर्वाचन प्रतिनिधिसमेत राखी अध्यक्ष, पदाधिकारी तथा कार्यसमितिका सदस्यका आका‘क्षीहरुसंग छलफल गराउने तयारी गरिएको बताइएको छ । एसोसिएसनको साधारणसभाले



वैदेशिक रोजगार विशेष

अध्यक्षसहित १९ जनाको निर्वाचन गर्नेछ । एसोसिएसनले निर्वाचनका लागि संस्थापक अध्यक्ष तिलकबहादुर रानाभाटको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गरेको छ ।

सत्तारूढ नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा रहेको एसोसिएसनको निर्वाचित कार्यसमितिको कार्यकाल दुई वर्षको हुने व्यवस्था छ । एसोसिएसनलाई नेपाली कांग्रेसले महाधिवेशनमा तीन महाधिवेशन प्रतिनिधि पठाउन कोटा प्रदान गरेको छ भने नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा एसोसिएसनले सिफारिस गर्ने उम्मेद्वारले सहजै जित्ने भएपछि व्यवसायी एसोसिएसनको नेतृत्वमा जान तीव्र प्रतिस्पर्धा गरिरहेका छन् ।

कतिपयले रचनात्मक सोचका आधारमा संस्थालाई अघि बढाउने योजना आफुसँग रहेको बताएका छन् । विधान अनुसार अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष र सदस्यहरुसहित २३ सदस्यीय रहने भएपनि कार्यसमितिमा १९ जनाको निर्वाचन हुनेछ । ४ जना कार्यसमिति सदस्य निर्वाचित अध्यक्षले मनोनयन गर्ने व्यवस्था रहेको छ ।

अध्यक्षका लागि हालका वरिष्ठ उपाध्यक्ष तारानाथ अर्याल र पूर्व उपाध्यक्ष ऋषि शर्मा आ-आफ्नो प्यालन बनाएर चुनाव प्रचारमा लागेका छन् । वर्तमान अध्यक्ष नरेन्द्र ढकाल परिस्थिति अनुकूल भए दोहोरिने मनस्थितिमा रहेको भएपनि शनिबारसम्म उनले उम्मेद्वारी सार्वजनिक गरेका छैनन् ।

एसोसिएसनको सदस्यभन्दा पदाधिकारीमा व्यवसायीको आकर्षण बढी देखिएको छ । वरिष्ठ उपाध्यक्षमा भवानी निरौला, किशोर कुमार केसी, थिरमणि पौडेल र जनक खड्का आकांक्षी देखिएका छन् । द्वितीय उपाध्यक्षमा नारायण पराजुली, मेघनाथ भुर्तेल र मित्रदेव घिमिरे, तृतीय उपाध्यक्षमा बाबुलाल मगर (नरेन्द्र) र केशवराज न्यौपाने, महासचिवमा कमल काफ्ले र विनोद जंग केसी, सचिवमा लक्ष्मण पौडेल, कृष्णप्रसाद जैसी, विक्रम श्रेष्ठ, कर्णराज कटुवाल, भोजराज भुषाल, प्रकाश बोहरा,

– बाँकी पृष्ठ २ मा

नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसनको निर्वाचन सहतिको ११ औं साधारण सभा सम्बन्धी सुचना ।

आदरणिय ब्यवसायी ज्यूहरू नमस्कार,
नेपाली काँग्रेसको शुभेच्छुक संस्था यस नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसनको निर्वाचन सहितको ११ औं साधारण सभा निम्न, मिति, स्थान र समयमा सम्पन्न हुन गईरहेको ब्यहोरा सम्पूर्ण सदस्यज्यूहरूलाई सहर्ष जानकारी गराउदैं निर्वाचनमा भाग लिनको लागि संस्था नविकरण गर्ने मिति २०७९।०१।०५ गते सम्म मात्र रहेकाले समयमै साधारण सभामा भाग लिने आधिकारीक प्रतिनिधि सहित आफ्नो संस्थाको नविकरण गर्न गराउन यस एशोसिएसन संग आवद्ध बैदेशिक रोजगार ब्यवसायी ज्युहरूलाई पुन स्मरण गराउदै ।

अन्यथा मतदाता नामावलीमा संस्था र प्रतिनिधिको नाम प्रकाशन गर्न यस नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसन असर्मथ रहने व्यहोरा समेत सम्पूर्ण सदस्यज्यूहरूलाई जानकारीका लागि अनुरोध गर्दछौ । जय नेपाल !

कार्यक्रम :
मिति : २०७९।०१।०७ गते बुधवार
स्थान : दियालो फुडल्याण्ड बसुन्धारा, काठमाडौ ।
समय : बिहान ८ बजे

भवानी निरौला
महासचिव

नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसन
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४४६६४२८, ९८५१२३७५०१
ईमेलः ndfeefforum@gmail.com

# पुष्करलालको 'नेपाल किन बनेन ?' सार्वजनिक


काठमाडौं/मस- नेपाली आधुनिक पत्रकारिताका संस्थापक पुष्करलाल श्रेष्ठद्वारा विभिन्न समयमा गरिएका सटिक राजनीतिक विश्लेषणयुक्त आलेखहरुको संग्रह 'नेपाल किन बनेन ?' नामक पुस्तक शनिवार सार्वजनिक भएको छ ।

स्वर्गीय श्रेष्ठले 'नेपाल किन बनेन ?' शीर्षकमा लेखेको लेख नै उनको जीवनको अन्तिम लेख बन्यो, जो २०७५ साल मंसिर १४ मा नेपाल समाचारपत्रमा प्रकाशित भएको थियो । उनको अन्तिम लेखको शीर्षकबाटै किताबको नाम राखिएको हो ।

कामना समूहका संस्थापक श्रेष्ठको तृतीय वार्षिक पुण्यतिथिका अवसरमा सार्वजनिक 'नेपाल किन बनेन ?' उनको दोस्रो पुस्तकाकार कृति हो ।

यसअघि गतवर्ष मंसिर १५ मा कामना समूहको वार्षिकोत्सवका उपलक्ष्यमा 'यात्रा विदेशको चिन्ता स्वदेशको' यात्रा संस्मरण प्रकाशित भएको थियो । यात्रा संस्मरणमा उनले युरोप, अमेरिका, दक्षिण अमेरिका, अफ्रिका र एसियाका विभिन्न मुलुकको भ्रमणका क्रममा प्राप्त गरेका रोचक र मार्मिक अनुभव एवं अनुभूतिहरु समेटेका थिए भने 'नेपाल किन बनेन ?' ले मुलुकको राजनीतिक तथा सामाजिक प्रवृत्तिगत अवस्थाको विस्तृत चित्रण गरेको छ ।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित यस पुस्तकमा समेटिएका आलेखहरुको विशेषता गहिराइसम्म पुगेर गरिएको तटस्थ विश्लेषण हो । पुस्तकका सम्बन्धमा प्रकाशक तथा कामना न्यूज पब्लिकेसन्स्का प्रमुख कार्यकारी अधिकृत दिरेकलाल श्रेष्ठ भन्छन्, 'नेपाली पत्रकारिताको उत्थान र मिडिया उद्योगको प्रवर्द्धनका लागि मेरा ड्याडी ले एक प्रकारले हामी परिवारका सदस्यलाई नै बिर्सेर जीवन सुम्पिएका हुन् । उनका आलेखहरुमा सत्यता र निर्भीक विश्लेषण तथा देशप्रतिको चिन्ता र माया देखेर नै मैले पुस्तकका रुपमा प्रकाशित गर्न आवश्यक ठानेको हुँ ।' किताबमा प्रकाशक श्रेष्ठले पत्रकार पिताका विषयमा दुई मार्मिक लेख पनि समावेश गरेका छन् ।




सीईओ श्रेष्ठले 'यात्रा विदेशको चिन्ता स्वदेशको' कृतिलाई आम पाठकले मन पराइदिएकोमा धन्यवाद पनि व्यक्त गरेका छन् । स्वदेश र विदेशको अवस्थालाई तार्किक तथा मार्मिक ढंगले गरिएको तुलनात्मक विश्लेषण, नेपाली पत्रकारिताको विकासमा प्राप्त उपलब्धि र चुनौती, राजनीतिक विकृति तथा पछिल्ला दुई दशकमा स्वदेश तथा विदेशमा घटेका अनेकौं प्रभावशाली घटनाका सन्दर्भ समेटिएको त्यस पुस्तकले कोरोना महामारीलाई चिर्दै राम्रो व्यापार गरेको थियो ।

नेपालको अवस्था बुझ्न चाहने हरेक पाठकका लागि 'नेपाल किन बनेन' निकै सहयोगी स्रोत सामग्री हुनेछ । आज देश चुनावको माहोलमा गइसकेको छ । यस पुस्तकमा लेखक श्रेष्ठले विगत ३० वर्षका सन्दर्भलाई समेटेर नेपाल नबन्नुका कारण खोतलेका छन्, जो मतदानमा जान लागेका हरेक नेपालीलाई असल उम्मेदवार छान्न अभिप्रेरक हुनसक्छ । सम्भवतः आलस्य र अविश्वासका साथ मतदानमा उभिन लागेका मतदाताले निर्वाचनमा जानुअघि यस किताबबाट सायद राम्रो मार्गनिर्देशन पाउनेछन् ।

किताबमा सञ्चारविद् प्रा. रामकृष्ण रेग्मी, महिला मानवअधिकार अभियन्ता बन्दना राणा, वरिष्ठ पत्रकारद्वय डा. कुन्दन अर्याल तथा देवप्रकाश त्रिपाठी र वरिष्ठ साहित्यकार एसपी आसाबाट लेखक तथा पत्रकार पुष्करलाल श्रेष्ठप्रति अभिव्यक्त धारणाहरु पनि समेटिएका छन् ।

२०७६ वैशाख ४ गते ६१ वर्षको अल्पायुमै दिवंगत भएका श्रेष्ठ नेपालमा व्यावसायिक विकासका संस्थापक मानिन्छन् । मिडिया उद्योगलाई स्थायित्व प्रदान गर्न चाहने हरेक नेपालीका लागि उनको जीवन बुझ्नका निम्ति पनि यो पुस्तक सहायक हुनेछ ।

पुष्करलालले ६० वर्षपछि सक्रिय पत्रकारिता तथा मिडिया व्यवस्थापनको नेतृत्वबाट आंशिक अवकाश लिने र चारवटा किताब लेख्ने जानकारी गराएका थिए । यसमा यात्रा वृत्तान्त, राजनीतिक गतिविधि, आम सञ्चार र आत्मकथा गरी चार विधामा कलम चलाउने र पहिलो पुस्तक ६१औं जन्मोत्सवका दिन २०७६ साल श्रावण २५ गते विमोचन गर्ने उनको योजना थियो ।

हरेक दिन डायरी लेख्ने उनीसँग पुस्तकका लागि पर्याप्त सामग्री पनि थिए । तर, उनीसँग समय रहेनछ, बीचमै यस संसारलाई छोडेर जानुपर्‍यो । उनको सोही इच्छा पूरा गर्ने यो दोस्रो प्रयास हो । उनी स्वयंले लेख्ने जीवन-कथा प्रकाशनको सपना उनको जीवनसँगै समाप्त भएको छ, तर बाँकी तीन विधामा उनले लेखेका आलेखहरु कामना समूहसँग सुरक्षित छन् । कुल ३०० पृष्ठको पेपर ब्याकमा प्रकाशित 'नेपाल किन बनेन' किताब मात्र रु. ६०० मा प्राप्त गर्न सकिन्छ ।

# एक लाख राशीको पत्रकारिता पुरस्कार स्थापना

सुनसरी/मस-नेपाल प्रेस युनियन सुनसरीले एक लाख राशीको गोविन्द-खेमकुमारी स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कारसहित दुई वटा पुरस्कारको स्थापना गरेको छ ।



पत्रकारिताको माध्यमबाट समाजको विकासमा योगदान पुर्‍याउनेलाई हरेक वर्ष पुरस्कारको व्यवस्था गरिएको हो । त्यसैगरी, सिर्जनशील युवा पत्रकारलाई वार्षिक रुपमा ५१ हजार रुपैयाँ राशी पुरस्कार दिने गरी युवा पत्रकारिता पुरस्कारसमेत स्थापना गरिएको प्रेस युनियन सुनसरीका अध्यक्ष पवन अधिकारीले जानकारी दिए ।

पुरस्कार वितरणका लागि प्रेस युनियन सुनसरीले अक्षयकोष स्थापना गरेको छ। पुरस्कारको रकम उद्योगपति शिवप्रसाद घिमिरेले एसजी ग्रुपद्वारा आफ्ना आमाबुबाको नाममा प्रेस युनियनको अक्षयकोषमा प्रदान गर्ने छन् । पुरस्कार घिमिरेका बाबु आमाको स्मृतिमा प्रदान गरिनेछ ।

पुरस्कारका लागि स्थापना गरिएको अक्षय कोषमा रकम दिने विषयमा घिमिरेका छोरा सुबोध घिमिरे र प्रेस युनियन सुनसरीका अध्यक्ष अधिकारीले शनिवार एक सम्झौता पत्रमा हस्ताक्षर गरे ।

सामाजिक उत्तरदायित्व अन्तर्गत परकारलाई पुरस्कृत गर्नकालागि पुरस्कारका लागि रकम प्रदान गरिनेगरी सम्झौता गरिएको घिमिरेले बताए।'पत्रकारिता क्षेत्रले समाजको विकासमा महत्वपूर्ण योगदान पुर्‍याएको छ,' घिमिरेले भने, 'सामाजिक उत्तरदायित्व अन्तर्गत व्यवसायबाट केही रकम छुट्याएर सहयोग गरेका हौं ।'

पत्रकारिका कर्ममा लागेका पत्रकारको कामको कदर गर्नका लागि पुरस्कार स्थापना गरिएको अध्यक्ष अधिकारीले बताए । युनियनले सुनसरीमा भवन समेत निर्माण गर्ने तयारी गरेको छ । इटहरीका व्यवसायी तथा कांग्रेस नेता रोहित प्रसाईंले भवन निर्माणको लागि जग्गा दिएका छन् । भवन निर्माणको तयारी गरिरहेको अध्यक्ष अधिकारीले बताए ।

# शैल्यशिखरमा चुनावी सरगर्मी बढ्यो

दिपक साउद/मध्यान्ह
दार्चुला, ३ वैशाख

स्थानीय तहको निर्वाचन नजिकिएसँगै दार्चुलाको शैल्यशिखर नगरपालिकामा निकै सरगर्मी बढेको छ । करिब २५ वर्षपछि शैल्यशिखर नगरपालिका वडा ६ ग्वानिका नेपाली कांग्रेसबाट बाहलवाला नगर प्रमुख अमर सिंह धामी र नेकपा एमालेबाट पूर्व ग्वानिका गाविस अध्यक्ष विजय सिंह धामी भिँड्दै छन् । एउटै गाउँका दुई धामी भिड्ने भएपछि निर्वाचनमा निक्कै प्रतिस्पर्धा हुने नेताहरु बताउँछन् ।





एउटै गाउँबाट दुई जनाले नगर प्रमुखमा उम्मेवार घोषणा गरेपछि अहिले सबैको ध्यान शैल्यशिखर नगरपालिका तिर तानिएको छ ।

शैल्यशिखर नगर प्रमुख पदको लागि नेपाली कांग्रेसबाट बाहालवाला अमर सिंह धामी र नेकपा एमालेबाट पूर्व ग्वानि गाविस अध्यक्ष विजय सिंह धामीले उम्मेदवारी दिएपछि शैल्यशिखर तिर चुनावको माहोल तातेको हो । २०५४ सालमा साविकको ग्वानि गाविसमा विजय सिंह धामीले अमर सिंह धामीलाई पराजित गर्दै विजय सिंह धामी २०५४ सालमा ग्वानि गाविसका अध्यक्ष बनेका थिए ।

ठिक आज त्यसैको २५ वर्षपछि धामीद्वय नगर प्रमुख पदमा भिँड्दै छन् । २०७४ सालमा नेपाली कांग्रेसबाट नगर प्रमुख पदमा नेकपा एमालेका गंगादत्त जोशी र माओवादी केन्द्रका मोहन देव बिष्टलाई पराजित गर्दै अमर सिंह धामी नगर प्रमुख पदमा विजय भएका थिए ।

## गुल्मेली समाज जापानद्वारा पत्रकार महासंघलाई सहयोग

अनिष पन्थी/मध्यान्ह
गुल्मी, ३ वैशाख

गुल्मेली समाज जापानले नेपाल पत्रकार महासंघ गुल्मीलाई सहयोग गरेको छ। समाजका अध्यक्ष महेन्द्र कुमार अधिकारी, सल्लाहकार गोविन्द रिजाल, समाजसेवी अशोक अधिकारीलगायत जिल्ला आएको अवसरमा महासंघको संस्थागत विकासका लागि एक लाख रुपैयाँ र निष्पक्ष पत्रकारिता गर्ने एक जनालाई वार्षिक २५ हजार पुरस्कारको व्यवस्था गर्ने प्रतिबद्धता समाजले गरेको हो ।



समाजका पदाधीकारीहरु नेपाल आएको अवसरमा नेपाल पत्रकार महासंघ जिल्ला शाखा गुल्मीले शनिबार सम्मान कार्यक्रमको आयोजना गरेको थियो । सोही कार्यक्रममा समाजले आर्थिक सहयोगको प्रतिबद्धता गरेको महासंघ जिल्ला अध्यक्ष टोपलाल अर्यालले जानकारी दिए । अध्यक्ष अर्यालका अनुसार समाजको तर्फबाट भएको सहयोगले गुल्मीको पत्रकारिता क्षेत्रको विकासका लागि थप उर्जा मिलेको छ । कार्यक्रममा समाजका अध्यक्ष अधिकारीले प्रवासमा बसेर जिल्लाको खबर पढ्न पाउँदा खुसी लागेको बताए ।

उनले पत्रकारिता क्षेत्रको विकासका लागि आर्थिक सहयोग गरेको जानकारी दिए । समाजका अध्यक्ष अधिकारी र सल्लाहकार रिजाल तथा महासंघका अध्यक्ष अर्याल, उपाध्यक्ष रेशम कुँवर र सिता भण्डारीले प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका छन् ।

## रोटरी क्लब रामपुरको 'डाइरेक्टरी' विमोचन

सुशीला रेग्मी/मध्यान्ह
पाल्पा, ३ वैशाख

रोटरी क्लब रामपुर पाल्पाले नयाँ वर्ष २०७९ को अवसरमा शुभकामना आदानप्रदान तथा क्लब डाइरेक्टरी विमोचन भएको छ । संस्थाका अध्यक्ष राजुप्रसाद श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि लुम्बिनी प्रदेशका प्रदेश सभा सदस्य युवराज खनाल रहेका थिए ।

प्रदेश सभा सदस्य खनालले डाइरेक्टरीको विमोचन गर्दै डाइरेक्टरीमा महत्वपूर्ण कुरा समेटिएको बताउँदै सामाजिक हितका लागि गठन भएको क्लबले समाजमा राम्रो भूमिका खेलेको बताए । परिवार र समाजलाई सभ्य बनाउँदै सामाजिक सेवा गर्ने उद्देश्यले क्लबको स्थापना भएको र यस क्लबले राष्ट्रिय रुपमा मात्रै नभई अन्तर्राष्ट्रिय रुपमा जोडेको बताउँदै सांसद खनालले नयाँ वर्षको उपलक्ष्यमा शुभकामना दिए । सन् २०२१ र २०२२ मा क्लबले गरेका कार्यक्रम डाइरेक्टरीमा समावेश गरिएको छ । डाइरेक्टरीका सन्दर्भमा सम्पादक रोटरियन बाबुराम श्रेष्ठले जानकारी गए ।

कार्यक्रममा क्लबका रोटरियन दुर्गादेवी राना, रोटरियन मेम्बर कृष्णप्रसाद अर्याल, चार्टर्ड प्रेसिडेण्ट इलेक्टेड रुद्रनारायण श्रेष्ठ, रोटरियन गोविन्द देवकोटा, पत्रकारको तर्फबाट प्रेस चौतारी नेपाल पाल्पाका उपाध्यक्ष बन्दना पोखरेल, स्याउसको तर्फबाट विन्दु श्रेष्ठ लगायतले बोल्दै कार्यक्रम सफलताको शुभकामना दिएका थिए ।

# ब्राउन सुगरसहित एक जना पक्राउ

राजेन्द्र महतो/मध्यान्ह
सिरहा, ३ वैशाख

सिरहामा लागूऔषध ब्राउन सुगरसहित एक युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा सिरहा गोलबजार नपा -६ दोहटियाका २५ वर्षीय दिपेश राम रहेका छन् ।

विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय गोलबजारले रामलाई करिब २ ग्राम ५ सय मिलिग्राम लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थसहित पक्राउ गरेको हो । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।



### शेखरद्वारा ....

मत प्रष्ट गरेपछि देउबाले एमाले र माओवादी मिल्दा स्वम् शेखर कोइराला पराजित भएको स्मरण गरेका थिए । 'एमाले र माओवादी फुटे, हामी जितिहाल्छौं भन्दा फेरि मिलिदिए भने नि ?' देउबाले भनेका थिए, 'उहाँहरु मिल्ने सम्भावना घटेको छैन, मिल्न दिने भए दिउँ के भयो र ?'

एमाले र माओवादीलाई मिल्न नदिनका लागि कांग्रेसले पाँच दलीय गठबन्धनभित्र मात्रै तालमेल गर्ने निर्णय त गराएको छ । तर, स्वम् कांग्रेस एकढिक्का भएर तालमेलका लागि तयार भएन भने यो निर्णय उल्टिन सक्ने चिन्ता स्वम् कांग्रेस नेताहरुमा देखिन्छ ।

### कमल...

तिनै थापा अहिले कम्युनिष्ट नेतृत्वको गठबन्धन र चुनाव चिन्ह सूर्य लिन सहमत भएका छन् । तर चुनाव जित्ने निश्चित छैन । किनकि पञ्चहरुलाई हेर्ने दृष्टिकोण अहिले पनि एमाले वृत्तमा सकारात्मक छैन ।

### स्थानीय...

गठबन्धन भन्दा एमाले उम्मेदवारको मत ५,४३९ ले बढी हुने उनीहरुको अनुमान छ । ठूला दल मात्रै होईन, काठमाडौंको मेयरमा जिताउन साना दल र स्वतन्त्र उम्मेदवारले पनि उत्तिकै अपिल गरेका छन् ।

मेयर र उपमेयरको उम्मेदवार टुंग्याएको विवेकशिल साझाले आफूलाई एकपटक मौकादिए काठमाडौं महानगर बदल्ने भन्दै प्रतिज्ञापत्र जारी गरेको छ । ' एक पटक मौकादिनुस्, हामी गरेर देखाउँछौं, अरुहरुलाई तपाईंहरुले दशकौं दिँदा, फेरि फेरि मौका दिइराख्नुभएको छ । हामीले एक मौका खोजेका छौं' विवेकशिल साझाका अध्यक्ष रविन्द्र मिश्रले भने ।

एक पटक आफ्नो दलका उम्मेदवारको इमान्दारी, परिपक्वता र क्षमताको परीक्षण गर्न काठमाडौंका मतदातालाई उनको आग्रह छ । उनीमात्रै होईन, स्वतन्त्र उम्मेदवारी दिएकाकलाकार बालेन शाह, सुनिता डंगोल लगायतले पनि महानगर बदल्ने योजना पेश गरेका छन् ।

प्रमुख राजनीतिक दलदेखि स्वतन्त्र उम्मेदवारसम्मको आकर्षणको केन्द्रविन्दु बनेको काठमाडौं महानगरको मेयरमा कसले बाजी मार्छ भन्ने गठबन्धनको ढाँचाले देखाउने प्रष्ट छ ।

### लोकतान्त्रिक...

जंग बहादुर इंजम, सहसचिवमा नवीन पोखरेल, तुल्सी पुरी, अमीर बास्तोला र सुरेश ढकालले दावी गरेको श्रोतले बतायो । कोषाध्यक्षमा राजेश गौतम तथा ईन्द्र आचार्यले आ-आफ्नो तरिकाले मत मागिरहेका छन् ।

कार्यसमितिका सदस्यमा हेमन्त न्यौपाने, किरण न्यौपाने, प्रेम दुलाल, हर्क लिम्बू, मान बहादुर कुँवर, हरि केसी, यमबहादुर केसी, विष्णु सापकोटा, सुनिता श्रेष्ठ, माधव भण्डारीलगायतले इच्छा देखाएको बताइएको छ ।

निर्वाचन हुने र प्रतिस्पर्धा पनि पेचिलो बन्न सक्ने आंकलनका आधारमा उम्मेद्वारका आकांक्षीहरूले आफैं खटेर आफ्नो पक्षका व्यवसायीलाई प्रतिनिधि बनाउन लागेका छन् । पार्टीले केन्द्रीय सदस्य सुरेन्द्रराज पाण्डे, पूर्व अध्यक्ष विमलप्रसाद ढकाल, किरण किशोर घिमिरे, तिलबहादुर रानाभाट, प्रज्ञान न्यौपाने, कृष्ण पौडेल र अध्यक्ष नरेन्द्रप्रसाद ढकाललाई सहमतिको आधारमा नेतृत्व चयन गराउने जिम्मेवारी दिई खटाएको छ ।

### अध्यक्षका प्रत्यासीका ऐजेण्डा के के छन् ?

### तारानाथ अर्याल

अध्यक्षका आकांक्षी वरिष्ठ उपाध्यक्ष तारानाथ अर्यालले आफू एसोसिएसनको कार्यसमितिको सदस्यदेखि महासचिव र वरिष्ठ उपाध्यक्ष भएकोले यसपटक अध्यक्षको स्वभाविक उम्मेद्वार रहेको बताए ।

अर्यालले एसोसिएसन नेपाली कांग्रेसको शुभेच्छुक संस्था भएकोले वैदेशिक रोजगारका समस्या बारेमा पार्टीपंक्ति र अन्य घटक संस्थामा छलफल गराई नेपाल वैदेशिक रोजगार व्यवसायी संघमार्फत समाधान खोज्न अत्यधिक पहल गर्ने ,वैदेशिक रोजगारमा रहेका मेडिकल लगायत सबै प्रकारका सिण्डिकेट हटाउन कठोर कदम अघि बढाउने, रोजगारदाताबाट सेवा शुल्क नपाएको अवस्थामा कामदार पठाउने अन्य मुलुकका ऐजेन्सीले पाउने सरहको सेवा शुल्कका लागि प्रयास गर्ने, कोभिडका कारणले वैदेशिक रोजगार क्षेत्रलाई संकटग्रस्त क्षेत्र घोषणा गरेपनि सो अनुसारको सुविधा नपाएकोले त्यसका लागि पहल गर्ने, वैदेशिक रोजगार ऐन र नियमावलीलाई व्यवसायीमैत्री र कामदारका कर्तव्य तोक्ने गरी परिमार्जन गर्न संघमार्फत पहल गर्ने बताए ।

त्यसैगरी अर्यालले विशेष परिस्थितिका कारणले संघमा संघका पूर्व अध्यक्षको संयोजकत्वमा तदर्थ कार्यसमिति गठन भएकोले सकेसम्म छिटो साधारणसभा र नयाँ कार्यसमितिको निर्वाचन गराउने वातावरणका लागि एसोसिएसनका तर्फबाट आवश्यक परामर्श र पहल गर्ने पनि आफ्नो योजना रहेको बताए ।

### ऋषि शर्मा

अध्यक्षका अर्का आकांक्षी ऋषि शर्माले आफु विगत दुई दशकदेखि निरन्तर पेशामा रहेको, विगतमा उपाध्यक्ष र वरिष्ठ उपाध्यक्षको जिम्मेवारी कुशलतापूर्वक सम्हालेको, संघको निर्वाचनमा तिलकबहादुर रानाभाटको पालादेखि नै लोकतान्त्रिक पक्षधरलाई जिताउन निःस्वार्थरुपमा खटेको, सबै पक्षसँग समन्वयकारी भूमिका निभाउन सक्ने भएकोले आफूलाई एसोसिएसनका पूर्वअध्यक्ष, सल्लाहकार तथा वर्तमान कार्यसमितिको समर्थन रहेको दाबी गरे ।

उनले अध्यक्षमा निर्वाचित भएपछि अत्यन्तै अव्यवहारिक मानिएको संघ सयको समस्याको स्थायी समाधान खोज्ने, सेवा शुल्क परिमार्जन गरी दक्षिण एशियाली मुलुकसरह बनाउन पहल गर्ने, मागपत्र प्रमाणीकरणमा रहेको समस्यादेखि बेलाबेलामा उत्पन्न हुने समस्याहरूको समाधानका लागि मातृपार्टी नेपाली कांग्रेस, मन्त्रालय विभाग र अन्य संघसंस्थासँग छलफल, समन्वय र पहल गर्ने बताए । शर्माले आफू नेपाली कांग्रेसको सिद्धान्त र आदर्शमा निरन्तर प्रतिवद्ध र क्रियाशील रहेको भन्दै नेपाली कांग्रेसको गत महाधिवेशनमा सुर्खेतबाट अत्याधिक लोकप्रिय मतले महाधिवेशन प्रतिनिधिमा छानिएका कारणले पनि अन्य प्रतिस्पर्धीले भन्दा आफूले एसोसिएसनलाई सशक्त, प्रभावकारी र नवीन सोचका आधारमा नेतृत्व दिनसक्ने आत्मविश्वास रहेको बताए । उनले भने, 'म कानूको विद्यार्थी पनि भएकोले समस्याहरूको जटिलता र समाधान बुझेको छु अन्य प्रतिस्पर्धीले भन्दा एसोसिएसनलाई चुस्त नेतृत्व प्रदान गर्न सक्छु ।

**Provincial Government**
**Ministry of Land Agriculture**
**Directorate of Livestock and Fisheries Development**
**Veterinary Hospital and Livestock Service Expert Center**
**Khandbari, Sankhuwasabha, Nepal**

**Invitation for Bids**

**Invitation For Bids (IFB):- VHLSEC/SANKHUWASAVA/NCB/WORKS/01-02-2078/79**
**Date of publication: 2079/ 01/04 ( 17th April, 2022)**

1. Provincial 1 Government has allocated funds towards the cost of construction for the works mentioned below and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bids is open to all eligible Nepalese bidders.
2. **Veterinary Hospital and Livestock Service Expert Center, Sankhuwasabha, Nepal** invites electronic bids form eligible bidders for following under national competitive bidding Procedure Some of the information is mentioned below, though the details are in the bidding documents.
3. A complete set of Bidding Documents may be downloaded from the PPMO e-Portal-WWW.Bolpatra.gov.np/egp(e-GP II) .

| S.N. | Contract ID. | Description of works | Estimated Amount (Without Vat) | Bid Security amount | Cost of bidding documents | Bidding Procedure | Last Date Of Bid Submission | Last Date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1 | VHLSEC/ SANKHUWASAVA/ NCB/WORKS/ 01-2078/79 | Maintenance of Boundary of Veterinary Hospital and Livestock Service Expert Center Building at Khandbari, Sankhuwasava, Nepal | 1881368.89 | 62000.00 | 3,000.00 | Single-Stage: Single-Envelope | 2079/02/05 (19th May, 2022) at 12:00 | 2079/02/05 (19th May, 2022 at 13:00 |

4. a. Information to deposit the cost of bidding document in Bank:
   i. Name of the Bank : **Rastriya Banijya Bank, Khandbari Branch**
   Name of Office : **Veterinary Hospital and Livestock Service Expert Center, Sankhuwasabha, Nepal**
   **ii. Office Code :- 3120204011**
   iii. Rajaswa (revenue) Shirshak no. : **14229**
   **iv. Rajaswa ( revenue ) Account No :- 1000200010000**
   b. Information to deposit the Bid Security in Bank:
   i. Name of the Bank : **Rastriya Banijya Bank, Khandbari Branch**
   ii. Name of Office Account : **Pradesh Lekha Ikai, Khandbari, Sankhuwasabha**
   iii. Name of Office to Deposit : **Veterinary Hospital and Livestock Service Expert Center, Sankhuwasabha, Nepal**
   iv. Office Code no. : **3120204011**
   v. Office Account no. : **2080100202030000**
5. Employer Name : **Veterinary Hospital and Livestock Service Expert Center, Sankhuwasabha, Nepal,**
   Email : **vhlssankhuwasava@gmail.com**
6. The Employer reserves the right to accept or reject any bid and to annual the process and reject all bids at any time prior to contract award.
7. The Employer reserves the right to accept or reject any bid and to annual the process and reject all bids at any time prior to contract award.

**Act. Office Chief**

# मधेसको मुद्दा सम्बोधन गर्न तयार छौँ : ओली



लक्ष्मण यादव/मध्यान्ह
सर्लाही, ३ वैशाख

नेकपा(एमाले)का अध्यक्ष केपी शर्माले मधेसको मुद्दा सम्बोधन गर्न आफ्नो पार्टी तयार रहेको बताएका छन् । सर्लाही सदरमुकाम मलङ्गवास्थित कभर्ड हलमा एमाले सर्लाहीद्वारा शनिबार आयोजित कार्यक्रममा उनले भने, 'मधेसको मुद्दा सम्बोधन गर्ने काम एमाले तयार छ ।'

नागरिकताको समस्या भोगिरहेका जनताका लागि नागरिकता विधेयक एमाले सरकारले ल्याए पनि पारित हुन नसकेको उनको भनाइ छ । उनले आगामी दिनमा आफ्नो पार्टीले मधेसी जनताका समस्या सम्बोधन गर्ने बाचासमेत गरे ।

यस्तै उनले भने, 'एमालेको विरोध गर्दागर्दै मेरो नेतृत्वको सरकार बनेपछि २०७२ सालमा २० वर्षदेखि बन्न नसकेको हुलाकी सडक बनाउने निर्णय गरेको थिए । १० अर्ब रुपैयाँ हुलाकी सडकका लागि छुट्याएको सबैलाई जानकारी गराउन चाहन्छौं ।'

उनले जनताको समस्या समाधान गर्ने र विकास गर्ने पार्टी एमाले भएको पनि दावी गरे । 'आज मधेस होस् कि पहाड, हिमाल होस् कि तराई, पूर्व होस् कि पश्चिम, देशभरिका तमाम जेष्ठ नागरिकहरुलाई जेष्ठ नागरिक भत्ता दिने काम एमालेले गरेको छ,' उनले भने ।

आफू प्रधानमन्त्री भएपछि आफ्नै नेतृत्वमा जनकपुरमा रेलको लिक बनेको पनि उनले बताए । ओलीले गठबन्धनको विषयमा केही नबोले पनि स्थायी समिति सदस्य प्रभु साहको भने खूब प्रशंसा गरेका थिए ।

३८ सालपछि सर्लाही आएका पूर्वप्रधानमन्त्री ओलीलाई १०१ किलोको मालाले स्वागत गरेका थिए ।

सो अवसरमा जसपाबाट विजयी भएका सर्लाही, कविलासी नगरपालिकाका मेयर कौशल किशोर राय, माओवादीका पोलिटब्यूरो सदस्य केशव ढुंगाना र माओवादी बसबरिया गाउँपालिका अध्यक्ष राम विश्वास रायसहित नेता कार्यकर्ता नेकपा एमालेमा प्रवेश गरेका थिए ।

# कांग्रेस र माओवादीका कारण भूमि आयोग गठन भएन : अध्यक्ष पौडेल

रामप्रसाद सुवेदी/मध्यान्ह
हापुरे, ३ वैशाख



दाङको बबई गाउँपालिकाका अध्यक्ष भुवनेश्वर पौडेलले नेपाली कांग्रेस र माओवादी केन्द्रका कारण जिल्लामा भूमि आयोग गठन हुन नसकेको आरोप लगाएका छन् । पेसागत महासंघ नेपाल तदर्थ समिति बबईको प्रशिक्षण तथा पहिलो अधिवेशनमा नेकपा एमाले लुम्बिनी प्रदेश सदस्यसमेत रहेका अध्यक्ष पौडेलले आयोग गठन भएमा लालपूर्जा वितरण गर्नका लागि गाउँपालिका तयार रहेको बताए । आयोग गठन नगर्नका लागि कांग्रेस र माओवादीले भूमि आयोगमा पत्र लेखेरै आग्रह गरेको उनको दावी छ । गठबन्धन सरकारले जतिसुकै जालझेल गरेपनि एमालेले चुनाव जित्ने पौडेलले विश्वास छ ।

यस्तै, गाउँपालिका उपाध्यक्ष सावित्री विश्वकर्माले स्थानीय तहको निर्वाचनमा नेकपा एमालेलाई जिताउने गरि लाग्न पेसागत महासंघका सदस्यहरुलाई निर्देशन दिएकी छिन् । नेकपा एमाले केन्द्रीय लेखा आयोगकी सदस्यसमेत रहेकी उपाध्यक्ष बिश्वकर्माले आगामी निर्वाचनमा पाँचदलीय गठबन्धनकाबीचमा पनि एमालेलाई विजयी गराउनका लागि सक्रिय बन्न निर्देशन दिएकी हुन् ।

कार्यक्रममा नेकपा एमाले दाङका अध्यक्ष हुकुमबहादुर बस्नेत, पेशागत महासंघ बबईका अध्यक्ष जितबहादुर खत्री, सदस्य तेजेन्द्र बहादुर घर्ती, राष्ट्रिय स्वास्थकर्मी महासंघ दाङका अध्यक्ष सरदराज गिरी, बबई गाउँपालिका वडा नम्बर ३, ४, ५ र ६ का अध्यक्षहरु क्रमशः नन्दलाल वली, टेकबहादुर वली, डम्बरबहादुर श्रीस मगर र रामबहादुर डाँगी, बबई गाउँपालिकाका प्रवक्ता टंकराज बिश्वकर्मा, नेपाल राष्ट्रिय शिक्षक संगठन दाङका अध्यक्ष दामोदर बस्नेत, पेशागत महासंघ दाङकी उपाध्यक्ष रमा आचार्य, नेकपा एमाले बबई कमिटी अध्यक्ष जितबहादुर वली लगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण जितबहादुर वलीले गरेका थिए ।


## Bhairabi Rural Municipality
## Office of the Rural Municipal Executive
**Bhairikalikathum, Dailekh**

### Invitation for Bids

Date of publication: **2079/01/04**

1. ***Bhairabi Rural Municipality*** invites electronic bids from eligible bidders for the Construction of Irrigation Canal.given in the table below under National Competitive Bidding – Single Envelope Bidding procedures.

| S.N | Construction Identification Number/Work Description | Estimated Amount (including ps,vat and contingency) | Bid security amount (NRs) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|
| 1 | Construction of Irrigation Canal (Ka) (BRM/NCB/ WORKS/2078/079-19) | 10036829.60 | 300000 | 3000 |
| 2 | Construction of Irrigation Canal (kha) (BRM/NCB/ WORKS/2078/079-20) | 3325966.04 | 90000 | 3000 |

2. Eligible Bidders may obtain further information and inspect about the Bidding Documents from PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be downloaded for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document of NRS 3,000 in the Project's Rajaswa (revenue) account as specified below so as to upload the scanned copy at the time of submission of bid.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank : Civil Bank Limited, Silangi Branch, Dailekh.
   Name of Office : Bhairabi Rural Municipality, Bhairikalikathum,Dailekh.
   Office Account no : 06610182906098 (ANTARIK RAJASHWA KHATA)
   Office Account no : 06610182906047 (STHANIYA TAHA. DHARAUTI KHATA)
   Office Code No:
4. Pre-bid meeting shall be held at Bhairabi Rural Municipality, Bhairikalikathum, Dailekh at 10.00 P.M 2079/01/15.
5. Electronic bids must be submitted to the office ***of Bhairabi Rural Municipality,*** Bhairikalikathum, ***Dailekh***through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on**2079/02/03.** Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM,**2079/02/03** at the office of ***Bhairabi Rural Municipality***.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. . The Employer reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.


**प्रवास डायरी**
तिलु शर्मा पौडेल/मध्यान्ह

## गण्डकी प्रदेश समन्वय परिषद् कतारको वार्षिक साधारण सभा सम्पन्न



गण्डकी प्रदेश समन्वय परिषद् कतारको वार्षिक साधारण सभा सम्पन्न भएको छ । परिषद् कतार र मातहतका जिल्ला संस्थाहरूको संयुक्त आयोजनामा नयाँ वर्ष, इस्लाम धर्मालम्बीहरुको रमजानको अवसरमा शुभकामना आदानप्रदान एवं वृहत इफ्तार कार्यक्रमसहित साधारण सभा सम्पन्न भएको हो ।

परिषद्का महासचिव सन्तोष रेग्मीले कार्यप्रगति विवरण पेस गर्दै मध्यपूर्व एनआरएनएले सञ्चालन गरेको नेपालमा अक्सिजन सिलिन्डर पठाउने अभियानमा ५५ सय २५ कतारी रियाल सहयोग गरिएको जानकारी दिए ।

यस्तै पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको प्रतीक्षालयका लागि ३० थान कुर्ची, ह्विल चेयर १५ थान, स्ट्रेचर ४ थान सहयोग गरिएको परिषद्ले जनाएको छ । नेपालमा रहेको मानव सेवा आश्रममा लत्ताकपडा लगायतका सामग्री सहयोग गरिएको कार्यप्रगति विवरणमा उल्लेख गरिएको थियो । एक वर्षमा परिषद्को २९ हजार २४६ रियाल आय, १८ हजार ८०९ रियाल व्यय र १० हजार ४३७ रियाल बाँकी मौज्दात रहेको आयव्यय विवरण कोषाध्यक्ष कल्याण थापाले पेस गरेका थिए ।

साधारण सभा कार्यक्रममा विभिन्न कालखण्डमा सहयोग गर्ने, संस्थापक, निवर्तमान कार्यसमिति सदस्यलगायतका विभिन्न व्यक्तिहरूलाई सम्मान गरिएको थियो । शुभकामना मन्तव्यका क्रममा प्रमुख अतिथि एनआरएनए एनसीसी कतारका अध्यक्ष मोहमद मुक्तदाले गण्डकी प्रदेश निकै सुन्दर रहेको र यस संस्थाले पनि सुन्दर काम गरेको बताए । उनले कतारमा सम्पन्न हुन लागेको वल्डकपमा एनआरएनए एनसीसी कतारको पनि कोर्नेचमा स्टल रहने हुँदा गण्डकी प्रदेश भित्रका पर्यटकीय स्थलको प्रचारप्रसार गर्नुपर्ने बताए । उनले गण्डकीका मौलिकता झल्कने बस्तुहरूको प्रदशनी गर्नका लागि अनुरोध गरेका थिए । सागर पौडेलको स्वागत मन्तव्य रहेको कार्यक्रमलाई परिषद्का अध्यक्ष राकेश श्रेष्ठले समापन गरेका थिए भने महासचिव सन्तोष रेग्मीले सहजीकरण गरेका थिए ।

## नवलपरासी सेवा समाज कतारद्वारा शुभकामना आदानप्रदान

नवलपरासी सेवा समाज कतारले नयाँ वर्ष २०७९ तथा इस्लाम धर्मावलम्बीहरूको रमजानको अवसरमा शुभकामना आदानप्रदान तथा इफ्तार कार्यक्रम सम्पन्न गरेको छ । गैरआवासीय नेपाली संघ (आइसिसी)का उपाध्यक्ष नरेन्द्र भाटको प्रमुख आतिथ्यता तथा समाजका अध्यक्ष कृष्ण पन्थीको अध्यक्षतमा कार्यक्रम सम्पन्न भएको हो । इस्लाम धर्मावलम्बीहरूको सबैभन्दा पवित्र महिना रमजानमा कठोर उपवास बस्ने, सामूहिक इफ्तार अनि सामूहिक नमाज कल्याण लागि अल्लाह सँग दुआ (प्रार्थना) गर्ने, मौन व्रत राखे पुण्य प्राप्त हुने बिश्वास रहेको मौलान गुरुहरूले बताए । कार्यक्रममा नवलपरासी जिल्लाको इस्लाम समुदायमा रहेको मदरासाको सहयोगको लागि समाजले नगद सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

सुरज कुँवरको स्वागत मन्तव्य रहेको कार्यक्रममा विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधि एवं सामाजिक व्यक्तित्वहरूले शुभकामना मन्तव्य राखेका थिए । दुर्गा हमाल ठकुरीले सहजीकरण गरेको कार्यक्रमको समापन अध्यक्ष पन्थीले गरेका थिए । कार्यक्रममा लुम्बिनी प्रदेशअन्तर्गतका जिल्ला अध्यक्ष तथा प्रतिनिधिहरू, इस्लाम धर्म गुरु, मौलानाहरु लगायतको उपस्थित रहेको थियो ।

## 'धर्मको झोला' खण्डकाव्य विमोचन



पवन जायसवाल/मध्यान्ह
बाांके, ३ वैशाख

प्रसिद्ध साहित्यकार भीमबहादुर शाही 'अशोक'को २५औं कृति ' धर्मको झोला' (खण्डकाव्य) विमोचन गरिएको छ ।

सर्वदा संगम नेपालगन्ज बाँकेमा शनिबार आयोजित कार्यक्रममा बयोवृद्ध ७४ वर्षीय साहित्यकार गणेश जिसी, शिक्षाविद तथा साहित्यकार किरण आचार्य, अतिथि डा. जनार्दन आचार्य, डा. नरेन्द्र बहादुर स्वाँरले संयुक्त रुपमा खण्डकाव्यको विमोचन गरेका हुन् ।

दैलेखको दुल्लु नगरपालिका वडा नं.१० छुवालागाउँमा जन्मिएका शाहीले हाल कर्मथलो बाँकेको नेपालगन्ज उपमहानगरपालिका वडा नं. १८ कारकाँदौंको उज्वलनगर बनाउँदै आएका छन् ।

सर्वदा सङ्गम नेपालगन्ज बाँकेका अध्यक्ष खगेन्द्रगिरि कोपिलाद्वारा सञ्चालित कार्यक्रममा अधिवक्ता नरहरि नाथ योगी, प्रोफेसर कमान सिंह बोहरा, डा.जनार्दन आचार्य, डा.नरेन्द्र बहादुर स्वाँर, खगेन्द्र गिरि कोपिला, साहित्यकार चित्रा शाह, दैलेखी समाज बाँकेका सचिव दिल बहादुर थापा, सुष्मा श्रेष्ठ लगायतले प्रसिद्ध साहित्यकार शाहीको खण्डकाव्यको बारेमा चर्चा गरेका थिए ।

शाहीको प्रकाशित कृतिहरुमा 'हजारीको फूल', ' आभागिनी आमा', 'विजया र कान्तावति', 'डोल्पा दर्पण', ' शान्ती क्षेत्रभित्रको ज्वाला क्षेत्र', 'वेदना मनभित्रका', 'स्वपनावलि', 'झ्यालबाट बाहिर हेर्दा', 'मेरो जिन्दगीको पाइला', 'जोगीको र भोगीको सम्वाद', 'नेपाल दपर्ण', 'रासकोटी शहीदहरुको वंशावली', 'बोलीको गोली', 'सुख सागर', 'मेरो मानस पटलमा छापिएका कुरा', 'प्रभाव', 'छोरो (उपन्यास)', 'मेरो जीवनका पाइला', ' दोबाटो', 'नेपाली चण्डी', 'चाणक्य ज्ञानमाला', 'इन्जिनियरकी आमा', ' त्रिखण्डकाव्य' (सुन्चरीको कथा, ' निर्मलाको व्यथा र नलिनाको रमिता', 'सात समुन्द्र पारी अमेरिकाको यात्रा' आदि डेउडा लोकगीत गायक रेडियो नेपाल लगायतका कृति रहेका छन् । उनका अन्य कृतिहरु प्रकाशनको तयारीमा रहेका छन् । साहित्यकार शाही दैलेखी समाज बाँकेका निर्वतमान अध्यक्ष पनि हुन् । साथै विभिन्न संघ संस्थामा आवद्ध रहेका छन् । सो कार्यक्रममा आशा परियार, ऋशप थापा लगायतको समेत सहभागिता रहेको थियो ।

## आगलागीबाट बालकको मृत्यु

सौरभ यादव/मध्यान्ह
राजविराज, ३ वैशाख

सप्तरीमा आगलागीबाट एक बालकको मृत्यु भएको छ । बोदेबरसाइन नगरपालिका-१० अमरैयाँमा शत्रुधन यादवको घरमा आगलागी हुँदा उनका ५ वर्षीय छोरा शैलेश यादवको जलेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी प्रवक्ता माधव प्रसाद काफ्लेले जानकारी दिए । उनका अनुसार आगलागीमा शत्रुधनसहित उनका भाई ओम यादव र मिन्टु यादवको घर जलेर नष्ट भएको छ ।




मध्यान्ह
www.madhyanhadaily.com
४ वैशाख २०७९, आइतबार
17 April 2022, Sunday

## सम्पादकीय

# विचारधाराको संकट

आगामी स्थानीय चुनावमा प्रमुख प्रतिशपर्धा दुई गठबन्धनबीच हुने देखिएको छ । सत्ता साझेदार दलहरूको नेतृत्व नेपाली कांग्रेसले गर्नेछ भने विपक्षी दलहरूको गठबन्धन नेकपा एमालेले गर्नेछ । कांग्रेस नेतृत्वको गठबन्धनमा नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चा रहनेछ । एमालेले पनि साना दलहरूसँग गठबन्धन बनाएको छ । एमालेले कमल थापा नेतृत्वको राप्रपा नेपाल र एकनाथ ढकाल नेतृत्वको परिवार दलसँग गठबन्धन गर्दैछ । यो ध्रुबिकरण सत्ता निर्माणका क्रममा निर्माण भएको हो । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को आन्तरिक कलह र विभाजनसँगै सत्ता हेरफेरको खेल शुरू भको थियो । त्यही संकटको उतारचढाबका क्रममा शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकार बन्यो भने एमाले प्रमुख विपक्षी दल बन्यो ।

अहिले देउवा नेतृत्वमा वाम–लोकतान्त्रिक गठबन्धन बनेको छ । राजनीतिक इतिहासमा कहिल्यै पनि नमिलेको कांग्रेस र कम्युनिष्टहरू देशभर साझा उम्मेद्वार तय गर्ने प्रयत्नमा छन् । २०७४ को स्थानीय चुनावमा पनि कांग्रेस र माओवादी केन्द्रबीच केही ठाउँमा गठबन्धन बनेको थियो । तर आमरूपमा भने अलग–अलग चुनावी प्रतिशपर्धा भएको थियो । यसपटक भने केन्द्रीय नेतृत्वमै सहमति गरेर देशभर साझा उम्मेद्वार तय गर्ने निर्णय गरेको छ । अर्कातिर एमालेले नेतृत्व गरेको गठबन्धनमा पुराना पञ्च कमल थापा संलग्न छन् । परिवार दलको संगठनात्मक प्रभाव बलियो छैन । राप्रपाबाट विद्रोह गरेका थापाको पनि संगठनात्मक अवस्था राम्रो छैन । तर यसको राजनीतिक प्रभाव भने परेको छ ।

यसको अर्थ दुवै गठबन्धनमा कम्युनिष्ट छन् भने दुवैतिर लोकतान्त्रिक शक्ति छ । कमल थापाले राजतन्त्रको एजेण्डा छोडेकाले हिन्दू रूझान राख्ने लोकतान्त्रिक शक्तिका रूपमा व्याख्या गर्न सकिन्छ । अर्थात् आउने चुनाव राजनीतिक विचारधाराका रूपमा हुँदै छैन । जसरी पनि एमाले सिध्याउने सत्ता गठबन्धनको सपना र फेरि सत्तामा आउने एमाले चाहनाबीच प्रतिशपर्धा हुँदैछ । यो भनेको राजनीतिक विचारधाराको संकट हो । जबकी विचाराधाराकै आधारमा बनेको कांग्रेस र कम्युनिष्ट बीच सात दशक लामो मतभेद छ । कांग्रेस र कम्युनिष्ट दुवैले सशस्त्र विद्रोह गरेका छन् भने शान्तिपूर्ण प्रतिशपर्धा पनि गरेका छन् । तर कम्युनिष्टहरूभित्र देखिएको कलहकै कारण यसपटक विचारधारामा आधारित प्रतिशपर्धा हुन गइरहेको छैन । अर्कातिर एकता हुन पनि त्यही विचारधाराले रोकेको छ ।

# शिक्षा क्षेत्रका समस्या र समाधान

*शिक्षा व्यवस्थापनमा कुशासन हुँदा लोभी पापी र अपराधीको अन्यायमा देश सधैँ पिल्सिरहने छ । विगत वर्ष गरिएको सानो तर, अति महत्वपूर्ण अध्ययनले बालबालिका न्याय, सुशासन र मुलुकको रूपान्तरणको प्रतीक्षामा छन् भन्ने देखाउँछ ।*

अग्रलेख



● ईश्वरीप्रसाद पोखरेल

नेपालको संविधानमा आधारभूत तहसम्मको शिक्षा पूर्ण निःशुल्क तथा अनिवार्य हुने प्रतिबद्धता छ । संवैधानिक मर्मअनुसार शिक्षा पाउनु बालबालिकाको नैसर्गिक अधिकार हो । नेपालमा हाल सामुदायिक र निजी गरी कुल विद्यालय ३५ हजार ५२० वटा छन् । तिनमा करिब ७० लाख २१ हजार विद्यार्थी अध्ययनरत छन् । तीन लाखभन्दा बढी सामुदायिक तथा निजी शैक्षिक संस्थामा शिक्षक तथा अन्य जनशक्ति कार्यरत छन् । सन् २०२० को तथ्याङ्कमा उमेर समूहको आधारमा आधारभूत कक्षामा खुद् भर्नादर ९३.८ (१-५) र कक्षा (६-८) ६७.२ तथा माध्यमिक तहमा कक्षा (९-१२) ४७.६ प्रतिशत रहेको देखिएको छ । देशभर कुल एक हजार ५४६ संस्थामार्फत विद्यालय तहमा प्राविधिक शिक्षाका जनशक्ति उत्पादन हुन्छन् । हालसम्म ६३५ स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच हुँदा ११८ पालिका आज पनि यस्तो शिक्षाबाट बञ्चित छन् । विद्यालय तहको शिक्षाको आर्थिक लगानीमध्ये ७० प्रतिशत बढी तलब भत्ता र पेन्सन आदिमा खर्च हुने गर्दछ ।




सामुदायिक विद्यालयमा निःशुल्क पठनपाठन, निःशुल्क पाठ्यपुस्तक, निःशुल्क परीक्षा व्यवस्थापन र सञ्चालन, कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजा प्रबन्ध, कक्षा ६-१२ का छात्रालाई मासिक रजस्वला कालमा निःशुल्क सेनिटरी प्याड उपलब्ध गराईंदै आएको छ । कक्षा ६-१२ सम्मका बालिकालाई तोकिएको सङ्ख्या र गुणस्तरीय सेनिटरी प्याड निःशुल्क छ । बाल विकास केन्द्र व्यवस्थापन खर्चदेखि कक्षा १-१२ सम्म तोकिएका मापदण्डका पाठ्यपुस्तक निःशुल्क उपलब्ध हुन्छ । विद्यालयमा खेलकुद, अतिरिक्त क्रियाकलाप, सहक्रियाकलाप, भौतिक साधनको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधा राज्यको खर्चमा निःशुल्क उपलब्ध हुन्छ । कतिपय सामुदायिक विद्यालयमा आवासीय र गैरआवासीय छात्रवृत्ति सुविधा उपलब्ध छन् । यस्ता सुविधामा मात्र १८ अर्ब रूपियाँ जति सरकारले खर्च गर्छ र लाखौं विद्यार्थी लाभान्वित हुन्छन् । साथै, सामुदायिक विद्यालयमा शिक्षण शुल्क पूर्ण निःशुल्क छ । विद्यालय तहका शिक्षक तथा कर्मचारीको तलब भत्ता तथा विद्यालय व्यवस्थापन खर्च पनि सरकारकै लगानीमा हुन्छ ।

### शिक्षाका कार्य र प्रभाव

शैक्षिक व्यवस्थापन र सुशासन नै जनताको विश्वासको आधार हो । निष्पक्ष शैक्षिक सेवा सुविधाको उपलब्धता तथा सहुलियतको वितरण राज्यको असल अभिभावकत्व र पारदर्शी न्यायिक अभ्यास हो । नागरिक धनी तथा गरिबका आधारमा विभेदित हुनु हुँदैन तथा सबै समान हुन् भन्ने व्यवहार शासक तथा प्रशासकले सावित गरेर देखाउनुपर्छ । देश, जनता र मानवप्रति राज्य, सरकारबाट कुनै किसिमको अन्याय तथा विभेद हुँदैन भन्ने स्पष्ट सन्देश शिक्षा प्रणालीले समाजमा स्थापित गर्न, गराउन सक्नुपर्छ । शिक्षित तथा सभ्य नागरिकले बसुधैव कुटुम्बकम्को आदर्श पालना आफू गर्छ र अरूबाट समेत गराउँछ । यसर्थ मेरा कुनै नागरिक शिक्षाको ज्योतिबाट बञ्चित नहोउन् भनी प्रबन्ध मिलाउने नेतृत्व मुलुकमा खाँचो छ । शिक्षित प्रत्येक नागरिकले स्वमूल्याङ्कन क्षमताबाट कुन साधन स्रोतको हकदार आफू हो र ती उपलब्ध साधन स्रोतका वास्तविक हकदार अरू हुन् भन्ने स्पष्ट आत्मज्ञानको प्रयोग गर्नसक्ने नेतृत्वमात्र ग्राह्य हुन्छ । त्यो नै शिक्षित, शिष्ट र सभ्य तथा सम्मानित प्रजातान्त्रिक चरित्रको नागरिक हुन्छ । सार्वजनिक पद र हैसियतमा नैतिकशील र इमानदार मानिस पुगे भने मात्र मुलुकमा सबै पक्षमा सुशासन हुनसक्छ र गरिबका दिन फिर्न सम्भव हुन्छ ।

### शिक्षा क्षेत्रका समस्या

जीवनमा विद्यालय नदेखेका, विद्यालयमा भर्ना भएर पनि शिक्षण सिकाइको उपलब्धि हासिल नगरी कुनै तह उत्तीर्ण नभएका, गुणात्मक शिक्षा र सीपयुक्त शिक्षाको अभावमा कक्षा ८ समेत पूरा नगरेका तथा ५२ प्रतिशतभन्दा बढी माध्यमिक तहको औपचारिक शिक्षाबाट बञ्चित भएकाहरूको भीड र बलमा देश चलाउने सपना देख्ने राज्यको मानसिकता र छात्रवृत्ति दिएर पढाएकाहरू विदेश पलाएन हुने विकृत संस्कृतिले मुलुकको

> राज्य नै अभिभावक हो भन्ने प्रत्याभूति बालबालिकामा हुन सकेमा र छात्रवृत्तिमा पढेकाहरू सरकारी नियम तथा सर्तमा जनसेवामा समर्पित हुने वातावरण भएमा मुलुक अवश्य समृद्ध हुने छ । तर, कुशासनले भरिएको र पक्षपाती राजनीति तथा प्रशासनले नेपालको बर्बादीमात्र गरेको छ । शिक्षा चेतनशील शिक्षाको आधार नभएर लुट र शोषणको आधार भएको छ ।

विनाशमात्र गर्ने छ । राज्य र नेता जनताप्रति जिम्मेवार हुनुपर्छ । जेष्ठ नागरिक भत्ताको सट्टामा सबैलाई रोजगार, सीप र व्यावसायिकता, सबैका सन्तानलाई एकै किसिमको शिक्षा, विद्यालयमा दिवा खाजा र पोषणयुक्त खाना, पोशाक, आधारभूत आवश्यकताका सामग्रीको उपलब्धता र कोही पनि आर्थिक समस्याका कारण पढाइबाट बञ्चित हुनु नपर्ने सुनिश्चित गर्नुपर्छ । राज्य नै अभिभावक हो भन्ने प्रत्याभूति बालबालिकामा हुन सकेमा र छात्रवृत्तिमा पढेकाहरू सरकारी नियम तथा सर्तमा जनसेवामा समर्पित हुने वातावरण भएमा मुलुक अवश्य समृद्ध हुने छ । तर कुशासनले भरिएको र पक्षपाती राजनीति तथा प्रशासनले नेपालको बर्बादीमात्र गरेको छ । शिक्षा चेतनशील शिक्षाको आधार नभएर लुट र शोषणको आधार भएको छ ।

सबै सेवा सुविधा, सहुलियत तथा छात्रवृत्ति आदिको व्यवस्थाबाट पनि सामुदायिक शिक्षा बलियो हुन सकेको पाइँदैन । मूल कारण खोजी गर्नु र निराकरणमा प्रयास थाल्नु सरकारको दायित्व तथा जिम्मेवारी हुन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा प्रणालीमा पनि ५-१२ उमेर समूहका सबै बालबालिका विद्यालयमा किन प्रवेश हुँदैनन् र करिब ६.२ प्रतिशत औपचारिक शिक्षाबाहिर हुन्छन् ? कक्षा १ भर्ना भएका बालबालिका कहाँ हराउँछन् ? २१ प्रतिशत विद्यार्थीह रू कक्षा ८ पुग्दा पढाइ छाड्छन् । त्यस्तै,। माध्यमिक शिक्षा उमेर समूहका बालबालिका (५२.४) प्रतिशत औपचारिक शिक्षाको मूलधारमा किन छैनन् ? सामुदायिक विद्यालयतर्फ सरकारले सबै खर्च व्यहोर्दा पनि अभिभावक तथा विद्यार्थीको आकर्षण निजी विद्यालयमा किन छ ? संस्थागत विद्यालयमा सार्वजनिक सेवा क्षेत्र र शिक्षा क्षेत्रकै मुख्य पदाधिकारीका बच्चाहरू बढ्दै जानुले २८ प्रतिशत बढी सहभागिता हुनुले सामुदायिक शिक्षाको प्रभावकारिता प्रश्न नै प्रश्नको भूँमरीमा फसेको छ ।

राज्यको पूर्ण आर्थिक लगानीका सामुदायिक शिक्षा व्यवस्थापनमा राज्य, सरकारी क्षेत्र उदासिन हुँदा धनाढ्य वर्गमात्र होइन समाजका विपन्न, गरिब तथा असहाय वर्गले समेत मौका पाउँदा सर्पले काँचुली छाडेझैं किन छाडिरहेका छन् ? धनाढ्य वर्ग तथा उच्च शिक्षामा मासिक एक लाख रूपियाँसम्म छात्रवृत्तिमा चिकित्सक पढाउनसक्ने सरकारले पूर्ण अभिभावकत्वविहीन आधारभूत शिक्षासमेत पढ्न नपाएका गरिब, निमुखा र असहायका लागि मासिक एक, दुई हजार रूपियाँ छात्रवृत्ति दिन नसक्नुको कारण के हो ? राज्य, सरकारप्रति अभिभावकत्व अनुभूति गर्नु नपाउनु किन ? प्रश्नको उत्तर खोज्ने दायित्व आसन्न चुनावमा आम जनताको हुने हो वा होइन ? पूर्ण अभिभावकत्वविहीन बालबालिकाको पक्षमा को बोल्ने ? उच्च शिक्षामा मासिक एक लाख रूपियाँभन्दा धेरैको शैक्षिक सेवा सुविधा, सहुलियत र छात्रवृत्तिमा स्वेदश तथा विदेशमा अध्ययन गर्न राज्यले व्यवस्था मिलाएको तथा करोड खर्चिएको व्यक्तिलाई सर्तअनुसार काममा नखटाउने सरकारका पदाधिकारी देख्दा लाज नमान्नेकै शासनमा बोलबाला देख्दा घृणा लाग्दछ । तर न्यायको पक्षमा कोही किन बोल्दैनन् ? उच्च शिक्षाका प्राविधिक विषय क्षेत्रका डाक्टर, इन्जिनियर, कृषि, पशु, वनविज्ञान तथा विविध प्राविधिक तथा व्यावसायिक विषयमा अध्ययनरत विद्यार्थीले प्रायः धेरै लाभ लिएका हुन्छन् । तापनि सामुदायिक शिक्षा सुदृढ हुनुको सट्टा कमजोर हुँदो छ ।

### सरकारको जिम्मेवारी

शिक्षा मन्त्रालयको दायित्व सबैको शिक्षा अधिकार सुनिश्चितता र मानव पूँजीको अभिवृद्धि नै हुन्छ । यसर्थ, सामुदायिक विद्यालयका जनशक्ति र उपलब्ध सेवा सुविधाका बारेमा अध्ययन गरी प्रतिवेदन तयार गरियो । कम्तिमा आधारभूत तहको शिक्षाका बालबालिकाको शैक्षिक जिम्मा राज्यले लिनुपर्ने, कम्तिमा आधारभूत तहको शिक्षा पूर्ण निःशुल्क र अनिवार्य तथा एकै धारको बनाउने, विद्यालय शिक्षामा अध्ययनरत अभिभावकत्व गुमाएका तथा आर्थिक समस्याका बालबालिका, विपन्न परिवार, समुदायका बालबच्चा बढीमा ५७ प्रतिशतमात्र हुने व्यवस्था तत्कालै कार्यान्वयन जानु आवश्यक छ । त्यस्तै, राज्यले विपन्न, पिछडा वर्ग, कमजोर आर्थिक समुदाय र अभिभावक भएर पनि अभिभावकत्व विहीन बच्चाहरूका लागि वार्षिक छात्रवृत्ति दिने, विपन्न केन्द्रित गरी असहाय, असक्त र अभिभावकत्वविहीन बालबालिकाको लागि छुट्टै छात्रवृत्ति कोष व्यवस्था गरी मासिक कम्तिमा एक वा दुई हजार रूपियाँको छात्रवृत्ति दिन, बालबालिका सडकमा नपुग्ने व्यवस्थाको जिम्मा जुनसुकै सरकारले लिने कानुनी प्रबन्ध गर्ने, राज्य, सरकारी तहबाट आधारभूत तहसम्मको शिक्षामा निजी तथा सामुदायिक प्रणालीको धार हटाउने कुरा महत्वपूर्ण हुन आउँछ ।

### निष्कर्ष

शिक्षा व्यवस्थापनमा कुशासन हुँदा लोभी पापी र अपराधीको अन्यायमा देश सधैँ पिल्सिरहने छ । विगत वर्ष गरिएको सानो तर, अति महत्वपूर्ण अध्ययनले बालबालिका न्याय, सुशासन र मुलुकको रूपान्तरणको प्रतीक्षामा छन् भन्ने देखाउँछ । आशा छ, राज्य, सरकार तथा आम बुद्धिजीवि वर्गले लोककल्याणकारी शासन व्यवस्थाको निर्माणमा मन्त्रालयबाट गरिएका अध्ययनबाट प्राप्त विभिन्न क्षेत्रका रायसुझाव तथा निचोडलाई आत्मसात गर्न, गराउन र तिनको उपयोगबाट देश तथा जनताप्रति न्याय गर्ने वातावरण सिर्जना गर्न सक्नेछन् । यसले मात्र मुलुकमा कोही टुहुरो र असहाय हुनुपर्ने छैन ।

*(लेखक पोखरेल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव हुन् ।)*

## सामाजिक सञ्जाल



- डम्मर खतिवडा

पाँच दल बाहिर गठबन्धन गर्न पाइन्न भन्दिए निर्देशन सर्कुलर गयो । नामांकनको दिन नजिकिँदैछ, जिल्लाहरूमा खासै प्रगति देखिन्न । जताततै अलमल र अविश्वास । सल्लाह गर्दा गर्दै ७ गाउँ डुबेको कथाजस्ता होला है । कित सबै गम्भीर हुन पऱ्यो कित बाटो खोल्दिन उचित हो ।



- दुर्गा थापा

आगामी चुनाव पाँच दलीय गठबन्धनले जित्यो भने एमालेको राजनीति पतन सकिन्छ, यदि एमालेले चुनाव जित्यो भने पाँच दलको । यो निर्वाचन दलको अस्तित्व रक्षाको निम्ती जीवन मरणको लडाईँ हो । ओलीले चुनावी महत्व बुझिसकेका छन, गठबन्धनले चुनाब पछि मात्र बुझ्ला जस्तो छ ।



- राजाराम बर्तौला

आसन ग्रहण, पुष्पगुच्छा ग्रहण, ब्याज खादा, लस्करे भिषण भाषण आदि सभाका दिक्क लाग्दा औपचारिकताबाट मुक्त भएर स्मार्ट व्यवसायिक तरिकाले सभा सञ्चालन गर्ने कांग्रेसको आत्मबोध स्वागत योग्य छ । कार्यान्वयन कस्तो हुन्छ हेर्न बाँकी नै छ । यदि यसले गति लिए सामाजिक फड्को नै हुनेछ ।



- शर्मिला आचार्य

एमालेलाई भोट चाहिँ किन चाहिएछ ? सत्तामा हुँदा संसद विघटन गर्ने, प्रतिपक्षमा हुँदा संसद चल्न नदिने ! त्यसैले, एमाले सत्ताको लागि मात्र होइन् विपक्षमा पनि उपयुक्त देखिएन ! तसर्थ; विचार गर्नुस् तपाईंको मत दुरूपयोग नहोस् ।



- विनोद न्यौपाने

निर्वाचनमा भोट माग्न आउछन् । आफुलाई लागेको तिम्रो पार्टीले के-के गऱ्यो, के-के गरेन नै सोध्ने हो । कुनै हल्लुडले यो कुरो उठाउनु र नउठाउनु भन्ने विषय यसमा हुँदैन । यो स्थानीय तहको निर्वाचन हाम्रो ग्रास रूट तहको प्रजातान्त्रिक अभ्यास हो । दिल खोलेर धक नमानी पार्टीहरूलाई सोध्ने हो ।

# वागमती सभ्यता, समस्या र समाधान

विचार



● ठाकुर रमण आचार्य

वागमती सभ्यता पुरानो सभ्यता हो । शहर केन्द्रित मानव बस्तीहरूको बृद्धिसँगै वागमती सभ्यता साविकमा जस्तो सुन्दर सफा स्वच्छ रहेन । यो नदी सभ्यता लगभग समाप्त हुनै लाग्दा पुनः सरकारकै अग्रसरतामा लामो समयदेखि पुनः जागरण, विकास र विस्तार हुँदैछ । तैपनि, सरकारको लगानी र वागमती सफाइ महाअभियानले पनि अपेक्षित प्रतिफल प्राप्त हुन सकिरहेको छैन । त्यसका ज्वलन्त कारणहरू यस प्रकार रहेको छ ।

### फोहर व्यवस्थापन

मानिस सभ्य हुनुमा फोहरको व्यवस्थापन सबैभन्दा प्रमुख कारण हो । अन्य प्राणीले यो क्षमता राख्दैनन । व्यवस्थापन गर्न जान्दैनन् र फोहरमै दिन गुज्रेको हुन्छ । तर, मानवले विशिष्ट रूपमा व्यवस्थापन गरेको हुन्छ तर वाग्मतीमा भनौं काठमाडौं महानगरमा फोहर व्यवस्थापन वैज्ञानिक रूपमा नहुँदा यसको असर वागमती र यसका सहायक नदीहरूलाई परेको छ ।

### समय सापेक्ष कानुनको निर्माण हुन नसक्नु

वागमती सभ्यता एकीकृत विकास समिति लामो समयदेखि नेपाल सरकारको कार्यकारी आदेशको भरमा चलेको छ । सर्वोच्च अदालतबाट प्रकाश मणि शर्मा निवेदक भएको मुद्दामा यससम्बन्धी छुट्टै कानुन निर्माण गर्ने आदेश जारी भएको समितिले तालुक मन्त्रालयको सहयोगमा कानुन मस्यौदा तयार गरे पनि हालसम्म संसदबाट कानुन निर्माण हुन नसक्दा वागमती सफाइका क्रममा आई परेको समस्या सम्बोधन हुन सकेका छैनन् । सफाईका क्रममा सृजित समस्या संस्थागत रूपमा संबोधन हुन सकेन भने कहिल्यै पनि विकास निर्माणले स्थायित्व ग्रहण गर्न सक्दैन ।

### छुट्टै नदी प्रशासनको आवश्यकता

जापानमा नदी खोला-नाला हेर्ने कानूनद्वारा स्थापित छुट्टै प्रशासन ब्यूरोका व्यवस्था छ । जसले नदी नाला-खोला आदिको बारेमा मात्र काम गर्छ । नेपालको समुन्द्रसम्मको पहुँच नभएको राष्ट्र भएपनि यसका नदी नाला-खोला आदि हेर्ने छुट्टै स्थायी संरचनाको आवश्यकता खड्केको छ ।

> नदी सफाइमा सम्बन्धित सबै निकाय सरकार, प्रदेश स्थानीय तह अधिकार प्राप्त निकाय, संघ संस्था एकीकृत विकास नीति हुनुपर्छ । एउटा निकायले एकपटक निर्माण गऱ्यो अर्को निकायले त्यो भत्काउने पुनः निर्माण नगर्ने, आफूखुसी र अलग-अलग ढंगले काम गर्ने सोचले आशा गरेको सफलता प्राप्त नहुनुमा प्रमुख कारण बन्न पुगेको छ ।

वर्षेनी वर्षातमा बाढी पहिरोको कारण जनधनको ठूलो क्षति व्यहोर्नु परेको छ । अर्कोतर्फ वागमती नदी जस्तै अन्य नदी नाला-खोलाहरूको हेरचाह संरक्षण, खतरामा रहेको बस्ती अन्यत्र सार्ने वर्षाको मौसममा विशेष निगरानी गर्ने काठमाडौं उपत्यका र यस्तै महत्वपूर्ण शहर र बस्ती वरिपरिका नदी नालाको नियमित हेर विचार अनुगमन गर्न छुट्टै नदी प्रशासनको स्थापनामा ढिलाई भै सकेको छ । पर्यटन क्षेत्रलाई हेर्ने प्रहरी भए जस्तै वाग्मती प्रहरीको आवश्यकता बढ्दै गएको छ । यसको स्थापना भयो भने वागमती सभ्यताको विकास र विस्तारमा ठूलो सहयोग पुग्न जाने निश्चित छ ।

### विकास निर्माणमा समन्वयका अभाव

नदी सफाइमा सम्बन्धित सबै निकाय सरकार, प्रदेश स्थानीय तह अधिकार प्राप्त निकाय, संघ संस्था एकीकृत विकास नीति हुनुपर्छ । एउटा निकायले एकपटक निर्माण गऱ्यो अर्को निकायले त्यो भत्काउने पुनः निर्माण नगर्ने, आफूखुसी र अलग-अलग ढंगले काम गर्ने सोचले आशा गरेको सफलता प्राप्त नहुनुमा प्रमुख कारण बन्न पुगेको छ । नेपाल सरकारका निकायहरूमा सबैभन्दा बढी समन्वयको अभाव छ । वागमती सभ्यताको मात्र नभई यो समग्र नेपालकै समस्या हो । यो जनताको करबाट उठेको पैसाबाट भएको विकास निर्माणमा सबैले अपनत्व लिने बानीका विकास भयो भने मात्र एकीकृत विकास फोर्स निर्माण भयो भने मात्र विकास दिगो हुन्छ । हालकै परम्परा र नीति रहिरहे विकास अस्थीर, अस्थायी हुन जान्छ । यस्ले देशलाई कहिल्यै समृद्धि हुन दिँदैन ।

### अव्यवस्थित बसोबास

नेपाल सरकार मन्त्रिपरिषद्को २०६५ मंसिर १ गतेको निर्णयले उपत्यकाका सम्पूर्ण नदी नालाहरूको किनारामा स्थायी संचरना निर्माण गर्ने सम्बन्धमा मापदण्ड तोकिएको छ तर त्यस्तो मापदण्डले बन्देज गरेको थाहा हुँदा हुँदै ठूला-ठूला स्थायी संरचना होटल घर-टहरा निर्माण गरी बसेको अवस्था एकातिर छ भने अर्कोतिर २०६२/०६३ पछि वागमती नदी किनारामा हजारौं घर टहरा निर्माण गरी बसोबास गरेको अवस्था अर्कोतिर छ । यसै त उपत्यकाको नदी नाला फोहर छ, त्यसमाथि यसरी जग्गा अतिक्रमण गरेर बस्ती बसाउने कार्यले नदी किनारमा हुने विकास निर्माणमा ठूलो बाधा उत्पन्न भएको छ ।

### जग्गासम्बन्धी समस्या

नेपाल सरकारले तोकेको मापदण्डभित्र तटबन्ध, ढल सडक निर्माण गर्न लाग्दा स्थानीय जनसमुदायबाट अवरोध पुऱ्याउने कार्य निरन्तर भइरहेको छ । समितिमाथि मुद्दा मामिला दायर गर्ने, काम रोक्न अदालतबाट आदेश जारी हुने कार्यले समितिलाई तोकिएको कार्य सम्पन्न गर्न कठिनाइ परेको छ । कतिपय स्थानमा अदालतको आदेशकै कारण काम रोकिएको अवस्था छ । नेपाल सरकारबाट जग्गाको सट्टा जग्गा दिएर वा मुआब्जाका लागि बजेट व्यवस्था गरेर यसको समाधान गर्न आवश्यक छ ।

### समस्या समाधानका उपायहरू

समस्या चुनौती भएको स्थानमा अवसर र सम्भावना प्रायः रहेको हुन्छ । मापदण्डभित्र संचरनाहरू आवश्यकताअनुसार हटाउँदै लाने, समिति, सरकार, नागरिक समाजबाट भएको विकास निर्माणलाई गति दिने र कठोर कानुन निर्माण गरी त्यसको तत्कालै कार्यान्वयन गर्ने कार्य भयो भने अधिकांश समस्या समाधान हुन्छ । अन्यथा कानुन पनि निर्माण नहुने कसैले अपनत्व पनि नलिए सरकारको लगानीबाट भएको विकास एवं संरचनाहरूको विनास मात्र हुन जान्छ ।

# चीनको अन्तरिक्ष यात्रामा अर्को सफलता

**काठमाडौं/एजेन्सी-** चीनको नयाँ अन्तरिक्ष स्टेशनमा छ महिनापछि शनिबार तीन अन्तरिक्ष यात्री पृथ्वीमा अवतरण गरेको चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ । यसको सीसीटीभीले रेकर्ड गरेको प्रत्यक्ष भिडियो चीनले सार्वजनिक गरेको छ ।

यो अन्तरिक्ष यात्रीको अहिलेसम्मकै सबैभन्दा लामो मिशनमा सफलता हो । अन्तरिक्ष यात्रीको पृथ्वीमा अवतरणपछि चीनको अन्तरिक्ष महत्वाकांक्षामा एउटा ऐतिहासिक सफलता मिलेको छ । विश्वको दोस्रो ठूलो अर्थतन्त्रले अन्ततः मानिसलाई चन्द्रमामा पठाउने आशाका साथ आफ्नो सैन्य-चालित अन्तरिक्ष कार्यक्रममा अरबौंको बजेट राखेको छ ।

चीनले संयुक्त राज्य अमेरिका र रूसलाई भेट्न निकै लामो यात्रा गरेको छ, जसका अन्तरिक्ष यात्री तथा अन्तरिक्षयात्रीहरूको अन्तरिक्ष अन्वेषणमा दशकौंको अनुभव छ ।

सन् १९५७ मा सोभियत संघले स्पुत्निक प्रक्षेपण गरेको केही समय नबित्दै चिनियाँ कम्युनिष्ट पार्टीका तत्कालिन अध्यक्ष तथा राष्ट्रपति माओ त्सेतुङले भनेका थिए, 'हामी (चिनियाँ) हरूले पनि भूउपग्रह बनाउनेछौं ।' यसको लागि एक दशकभन्दा बढी समय लाग्यो तर सन् १९७० मा चीनले लङ मार्च रकेटमा आफ्नो पहिलो उपग्रह प्रक्षेपण गरेको थियो ।

मानव अन्तरिक्ष उडानको लागि दशकौं लागेपनि सन् २००३ मा पहिलो चिनियाँ 'ताइकोनट' बन्न याङ लिवेइ सफल भएका थिए । प्रक्षेपण नजिकिँदै



जाँदा, मिशनको क्षमताबारेको चिन्ताले बेइजिङले अन्तिम क्षणमा प्रत्यक्ष टेलिभिजन प्रसारण रद्द गरेको भन्ने भनाइहरू अन्तर्राष्ट्रि सञ्चारमाध्यमले उल्लेख गरेका छन् । यद्यपि, चिन्ताबीच चिनियाँ मिसन जारी भयो । याङले शेन्झाउ-५ मा २१ घण्टे उडानको दौडान १४ पटक पृथ्वीको परिक्रमा गर्नुभएको थियो । चीनले त्यसबेलादेखि सातवटा चालक दलका मिशनहरू सुरु गरेको छ।

राष्ट्रपति सी जिनपिङका अनुसार चीनको 'विशेष सपना' को योजनालाई निरन्तरतामा राखिएको छ । बेइजिङले वर्षौंदेखिको अन्तरीक्ष यात्राको प्रयासमा कोसेढुङ्गा सावित भएपछि अन्ततः अन्तरीक्ष यात्राको अभियानमा संयुक्त राज्य अमेरिका र रूससँग प्रतिस्पर्धामा पुग्ने प्रयास गरिरहेको छ ।

अन्तरिक्ष स्टेशनबबाहेक चीनले चन्द्रमामा आधार निर्माण गर्ने योजना पनि बनाएको छ र देशको राष्ट्रिय अन्तरिक्ष प्रशासनले भने यसको लक्ष्य सन् २०२९ सम्ममा चालक दलित चन्द्र मिशन शुरु गर्नु हो ।

तर सन् २०१७ मा शक्तिशाली हेभी-लिफ्ट रकेट लङ मार्च-५ वाई-२ ले सञ्चार उपग्रहहरू अक्षमा पठाउने मिशनमा प्रक्षेपण गर्न असफल हुँदा चन्द्रमाको काम निकै कम भएको थियो । त्यसले गर्दा चाङए-५ प्रक्षेपणलाई चीनले केही समय स्थगित गर्नुपरेको थियो । सन् २०१७ को दोस्रो कालमा चन्द्रमाको नमूना सङ्कलन गर्ने निर्धारित लक्ष्य चीनको रहेको थियो ।

जनवरी २०१९ मा अर्को रोबोट, चाङए-४, पहिलोपटक चन्द्रमाको एउटा कुनामा अवतरण भएपछि चीनलाई चन्द्रमाको अध्ययनका लागि ऐतिहासिक सफलता मिलेको थियो । त्यसपछि गत वर्ष चन्द्रमाको भित्री भागमा अवतरण भई चन्द्रमाको सतहमा मानव उपस्थितिमा चिनियाँ झन्डा फहराउन चीन सफल भएको थियो । मानव रहित अन्तरिक्ष यान चट्टान र माटोसहित डिसेम्बरमा पृथ्वीमा फर्किएको थियो । यो चीनले अन्तरिक्ष यात्राको चार दशकमा सङ्कलन गरिएको चन्द्रमाको पहिलो नमूना हो ।

फेरि सन् २०२१ फेब्रुअरीमा मंगल ग्रहका पाँच टन पहिलो तस्वीरहरू टियानवेन-१ द्वारा पठाइएको थियो । त्यसपछि मे महिनामा मार्सियन सतहमा रोभर अवतरण भयो जसले पछि रातो ग्रह (रेड प्लानेट) को सतह पत्ता लगाउन थालेको छ ।

सन् २०२१ अप्रिलमा अक्षमा राखिएको चिनियाँ अन्तरिक्ष स्टेशनको 'टियानहे मोड्युल'सँग अक्टोबर महिनामा तीन जना अन्तरिक्षयात्रीहरू सफलतापूर्वक पुग्न सफल भएका हुन् । अन्तरिक्षयात्रीहरू शनिबारको दिन सुरक्षित साथ पृथ्वीमा फर्कनुभन्दा छ महिनाअघि स्टेशनमा पुगेका र अहिलेसम्म चीनको सबैभन्दा लामो चालक दल मिशनमा सहभागी भई पृथ्वीमा फर्किएका छन् ।

चिनियाँ अन्तरिक्ष स्टेशन तियाङगोङ 'स्वर्गीय दरबार' निर्माणका लागि धेरै भागहरू ल्याउन र अक्षमा एकत्रित गर्न जम्मा ११ मिशनहरूको आवश्यकता पर्नेछ । एक पटक पूरा भएपछि, यो कम्तीमा १० वर्षसम्म हाम्रो ग्रहभन्दा ४०० देखि ४५० किलोमिटर (२५० देखि २८० माइल) माथि न्यून पृथ्वीको अक्षमा रहने आशा गरिएको छ - अन्तरिक्षमा दीर्घकालीन मानव उपस्थिति कायम राख्ने महत्वाकांक्षा चीनमा थप बलियो बन्दै गएको छ ।

# किभलाई पुनः निशाना बनाउने रुसको चेतावनी

**काठमाडौं/एजेन्सी-** रुसले युक्रेनको राजधानी किभलाई पुनः थप आक्रमणको निशाना बनाउने चेतावनी दिएको छ। रुसी भू क्षेत्रमा कुनै पनि प्रकारले युक्रेनले आक्रमण गरेमा किभलाई निशाना बनाएर थप मिसाइल प्रहार गर्ने चेतावनी रुसले दिएको हो ।



युक्रेनी हेलिकप्टरले आफ्नो गाउँमा आक्रमण गरेको आरोप रुसले लगाएको छ। त्यसको जवाफमा रुसले युक्रेनको राजधानी किभ नजिकैको सैन्य उद्योगमा शुक्रबार मिसाइल प्रहार गरेको हो।

रुसी रक्षा मन्त्रालयका प्रवक्ता इगोर कोनाशेन्कोभले आफूहरुले युक्रेनी सैन्य उद्योगलाई निशाना बनाएको बताएका हुन् । युक्रेनले भने आफूले रुसी क्षेत्रमा आक्रमण नगरेको बताउँदै आएको छ ।

एन्टी-एयरक्राफ्ट र एन्टी-सिप मिसाइल प्रणालीको उत्पादन तथा मर्मत गर्ने सैन्य उद्योगमा रुसले आक्रमण गरेको हो । रुसी गाउँ क्लीमोभोमा बिहीबार युक्रेनले दुई हेलिकप्टर मार्फत बम खसालेको आरोप छ । सो घटनामा ८ जना घाइते भएको रुसको दाबी छ ।

तर युक्रेनले भने आफूले आक्रमण नगरेको बताउँदै आएको छ । युक्रेन विरोधी भावना फैलाउनका लागि रुसले आक्रमण आरोप आफूहरुमाथि लगाएको युक्रेनी अधिकारीको भनाइ छ ।

यसैबीच युक्रेनको राजधानी किभ वरपरको क्षेत्रबाट युक्रेनी अधिकारीले सर्वसाधारणका शव निकाल्ने क्रम जारी राखेका छन् । रुसी सैनिकको कब्जामा रहेका बेला सर्वसाधारणमाथि अत्याचार भएको र उनीहरुको निसंस हत्या भएका घटना सार्वजनिक भएका छन् ।

सर्वसाधारणका शव सडकमा अलपत्र, आधा जलाइएको अवस्था तथा सामूहिक रुपमा गाडिएको अवस्थामा फेला परेका हुन्। युक्रेनको पूर्वी क्षेत्रमा आक्रमण केन्द्रित गर्न भन्दै रुसी सैनिक किभ वरपरको क्षेत्रबाट फिर्ता भएका थिए । किभ क्षेत्रका प्रहरी प्रमुखका अनुसार हालसम्म सर्वसाधारणका ९०० शव फेला पारिएको र ती शवलाई फोरेन्सिक विज्ञलाई हस्तान्तरण गरिएको छ ।

किभ क्षेत्रका प्रहरी प्रमुख एन्ड्री नेबितोभले भनेका छन्, 'बुचाबाट मात्रै ३५० भन्दा बढी शव संकलन गरिएको छ ।' हत्या गरिएका सबै सर्वसाधारण रहेको नेबितोभले बताएका छन् । बुचामा रुसी सैनिकले युद्ध अपराध गरेको आरोप युक्रेनले लगाएको छ। अन्तर्राष्ट्रिय समुदायले पनि बुचामा युद्ध अपराध भएको बताएका छन्। तर रुसले भने आरोप अस्वीकार गरेको छ ।


## Turmakhand Rural Municipality
## Office of The Rural Municipal Executive

Turmakhand, Achham
Sudurpaschim Province, Nepal

**Invitation for Sealed Quotation**

**Date of Publication: - 2079/01/04 (17th April. 2022)**

1. Office of Rural Municipal Executive, Turmakhand, Achham intends to apply part of the funds to cover eligible payments under the Contracts as given in the following table. Bid is open to all eligible Nepalese Bidders.
2. The Office of Rural Municipal Executive, Turmakhand, Achham invites electronic bids under e-procurement system for Construction of following Road given in table below under national competitive bidding (NCB) procedure.
3. Eligible Bidders may obtain further information at the Office of Rural Municipal Executive,Turmakhand, Achham, Phone:- **9843772722** or may visit PPMO,s egp-system *www.bolpatra.gov.np/egp*
4. A complete set of bidding documents should download from PPMO,segp-system *www.bolpatra.gov.np/egp*. Bidders should deposit the cost (as specified below) of bidding document in the Aantarik Rajaswo Khata (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: - Nabil Bank, Turmakhand**
   **Name of Office: -** Turmakhand Gaunpalika, Achham
   **Office Account No: - 07901017500528**
5. Pre-bid meeting shall be held at Offie of Rural Municipal Executive,Turmakhand, Achham at ***12:00 hours***on **28th-April-2022**
6. Bids must be submitted to the Office of Rural Municipal Executive,Turmakhand, Achham through ***PPMO,segp-systemwww. bolpatra.gov.np/egp*** on or before ***12:00 hours*** on **2nd-May-2022** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 hours*** on **2nd-May-2022** at Office of Rural Municipal Executive,Turmakhand, Achham. **Bids must be valid for a period of 30 days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format, amounting to a minimum of as mentioned below, which shall be valid for 15 days beyond the validity period of the bid.** If Bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in Dharauti (Security Deposit) account as specified below and submit scanned PDF copy of receipt of the deposited amount of cash along scanned PDF copy.
   **Name of the Bank: - Nabil Bank, Turmakhand Branch, Achham**
   **Name of Office: -** Turmakhand Gaunpalika, Achham
   **Dharauti (Security Deposit) Account No: - 07901017500543**
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. Summary of Contract and Details with Name and Identification are as follows:

| S. N. | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) [Excluding VAT & Contingencies] | Bid Security amount | Bid Validity Period | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | TRM/SQ/G/P/08/078-079 | Procurement of steel parts and transportation up to Road Head of Chuidhunga Chitasain Suspended Bridge | 1554486.66 | 45000.00 | Validity up to 30 days from the last date of bid submission | 1000.00 |

**Chief Administrative Officer**



**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय**
**बुद्धनगर, काठमाण्डौ**

**पुष्पलाल (मध्यपहाडी) राजमार्ग अन्तर्गत भैंसे - ज्याम्दु - अर्मलाकोट- याम्दी पुल सडकखण्ड (३५.५ कि.मी.), नयाँ निर्माण तथा स्तरोन्नतिको आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्बजनिक सुचना**

**प्रकाशन मितिः २०७९/01/04**

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका र मादी गाउँपालिकामा पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना, पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालयद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| **प्रस्तावकको नाम र ठेगाना** | **पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय, बुद्धनगर, काठमाण्डौं** |
|---|---|
| **प्रस्तावको व्यहोरा** | पुष्पलाल (मध्यपहाडी) राजमार्ग अन्तर्गत भैंसे, ज्याम्दु, मेलवोट, पानी घाट, आंटीघर, अर्मलाकोट, कालीखोला पुल, अमला बिसौनी लामाचौर, जौवारी हुदैं याम्दी पुलसम्मको ३५.५ कि.मी. सम्मको सडक नयाँ निर्माण तथा स्तरोन्नती आयोजना (कालोपत्रे)<br>सुरु बिन्दु - मादी गाउँपालिका- ४, भैसे<br>अन्तिम विन्दु - पोखरा महानगरपालिका -१६, याम्दी<br>क्षेत्राधिकार (राइट अफ वे) ३० मि. (१५/१५ मि. दुवैतिर)<br>फर्मेसन चौडाई : नाली बाहेक ९ मि<br>केरियज वे चौडाई : ७ मि.<br>शोल्जरः १/१ मि. दुवै तर्फ |
| **प्रभाव पर्न सक्ने जिल्ला, स्थानिय तह र वार्ड** | कास्की जिल्ला<br>पोखरामहानगरपालिका १६ र २०; मादी गाउँपालिका ३, ४ र ७ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्वन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जौविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणालि र आर्थिक प्रणालिमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको म.न.पा./ गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगनामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| प्रस्तावकको नाम र ठेगाना | सम्बन्धित मन्त्रालयको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|---|
| पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय<br>बुद्धनगर, काठमाण्डौ<br>फोनः ०१-४७८५६७०<br>ईमेलः pmhpd@dor.gov.np | नेपाल सरकार- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं<br>फोनः ०१-४२११७३२/४२११९३१/४२११६०३<br>ईमेलः info@mopit.gov.np<br>वेबसाइटः www.mopit.gov.np | जे एन आर कन्सल्ट प्रा. लि.<br>टोखा, काठमाण्डौ<br>फोन :९७७-९८५११७२७६७/०१-४३८५८८० <br>ईमेलः jnrconsult2067@gmail.com |



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **BOOSHA BAKERY COMPANY TO SERVE DRINKS PVT LTD** शहरः Jeddah
पुर्व स्वीकृत मितिः २०७८/१२/३० चलानी नं.: ६०१७७९५६ **LT. No.: 261455**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख ११ गते (24 April 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ९२९/०६७/०६८

**R.B. RECRUITMENT SERVICES PVT. LTD.**
Chabahil-7, (Opposite of KL Tower), Kathmandu, Phone : +977-01-4595967/ 014568206/ 01-4584094
Cell no: 9801095968
E-mail: documentsrbrs@gmail.com, Web.: www.rbrs.com.np

# बक्स अफिस समाचार

## 'जहाँ सौन्दर्यको कुरा उठ्छन् त्यहाँ श्रृंगारकर्मीको आवश्यकता पर्छ'

सौन्दर्य कलाको क्षेत्रमा आफ्नो पृथक पहिचान बनाइसकेकी अहिलेकी ब्यस्त हेयरड्रेसर गीता पौडेल बाल्यकालदेखि नै केही नयाँ काम गर्ने सोचकी थिइन् । अरु विषयभन्दा पनि सौन्दर्य कलाको क्षेत्रमा अलि बढी आकर्षित भएकी कारण अहिलेकी चर्चित हेयरड्रेसर गीताले पछिल्लो समय मेकअप आर्टिष्टको रुपमा पनि काम गर्न थालेकी छन् । उनले यो उचाई त्यतिकै हासिल गरेकी भने होइनन् । सौन्दर्य कलाको महत्वलाई आत्मासात गर्दै भविष्यमा यसै क्षेत्रमा केही गर्छु भन्ने अठोटका साथ लागेको कारण आज यो उचाई चुम्न सफल भएकी हुन्, उनी । विभिन्न प्रतियोगिताहरुमा जुरीको भूमिका कुशलतापूर्वक निभाएकी गीता हालै सम्पन्न राष्ट्रिय व्यक्तित्व तथा स्रष्टा सम्मान २०७८ लगायतबाट सम्मानित भइसकेकी छन् । फिल्म मेकअप स्टुडियो एण्ड ब्युटी हवकी सञ्चालिका समेत रहेकी गीताले अग्निज्वाला, मेरो लभ स्टोरी, इन्द्रणी, कहाँ भेटिएला, हल्लो जिन्दगी, मुगलान, मेरो एउटा साथी छ, भिजागर्ल्स, तकदिर, साथी रे, छोडी गए पाप लाग्ला, राजु राजाराम, मैदान, मानिस, मृर्गतृष्णालगायत झण्डै आठ दर्जन चलचित्रमा हेयर ड्रेसरको रुपमा काम गरिसकेकी छन् । म्युजिक भिडियो र एड फिल्महरुमा पनि त्यतिकै सक्रिय छिन्, उनी । श्रृंगारकर्मी **गीता पौडेल**ले **मध्यान्ह दैनिक**का लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :



**समयको सदुपयोग कसरी हुँदैछ ?**

कोभिड यता चलचित्र निर्माण कम भएको कारण म्युजिक भिडियो र विज्ञापनहरुमा ब्यस्त छु र बाँकी समय आफ्नै पार्लरमा हुन्छु ।

**सौन्दर्यको क्षेत्र नै रोज्नुको कारण ?**

यो एउटा सम्मानित सीपमुलक व्यवसाय भएको र मेरो चाहना पनि यसैमा रहेकोले सौन्दर्य कला क्षेत्रप्रति आकर्षित भएकी हुँ ।

**यस क्षेत्रमा रुची राख्नुहुनेहरु कतिको पाउनु भएको छ ?**

फिल्म मेकअप, र्याम्प शोमा हुने मोडलहरुको मेकअपलगायत विभिन्न संस्थासँगको सहकार्यमा सौन्दर्य तालिमहरुको आयोजना संचालन गर्ने क्रममा धेरै दिदी बहिनीहरु यो व्यवसायप्रति आकर्षित भएको पाएको छु । किन भने हातमा सीप भएपछि आफ्नो गक्ष अनुसारको लगानीमा व्यवसाय संचालन गर्न सकिन्छ । कसैको आशमा बस्नु पर्दैन र आर्थिकरुपले पनि आफैंमा आत्मनिर्भर हुने देखेपछि त यो क्षेत्रमा आउन चाहनेको संख्या प्रशस्तै पाएको छु । मबाट तालिम लिनुभएकाहरु कोही पार्लर खोलेर व्यावसायिकरुपमै अगाडि बढिरहनु भएको छ भने कतिपय फिल्म क्षेत्रमा सक्रिय हुनुहुन्छ ।

**सौन्दर्य कार्यक्रमहरुमा कतिको भाग लिनुहुन्छ ?**

लिन्छु नि । कतिपय ठाउँमा जुरीको लागि बोलाउनु हुन्छ भने कतिपय ठाउँमा प्रतियोगीहरुको हेयरड्रेसर र मेकअपको लागि बोलाउनुहुन्छ । प्रायः जसो सौन्दर्य गतिविधिहरुमा मेरो उपस्थिति हुने गरेको छ । कतिमा निर्णायकको रुपमा सहभागिता जनाएको छु । ब्युटी पेजेन्ट प्रतियोगिताहरुमा श्रृंगारको लागि मेरो महत्वपुर्ण भूमिका रहँदै आएको छ ।

**सौन्दर्य व्यवसायको अवस्था कस्तो छ अहिले ?**

महाभूकम्प, कोभिड, देशको असामान्य अवस्था भन्दा सामान्य अवस्थाको कुरा गर्ने हो भने यो व्यवसायमा प्रतिस्पर्धाको अवस्था छ । विगतको तुलनामा पार्लर खुल्ने क्रम पनि बढेको छ । पार्लरको संख्यासँगै ब्युटीशियन र प्रयोगकर्ता पनि उतिकै बढिरहेको अवस्था छ । मेरो पार्लरको विशेषता पार्लरमा थेडिङ्ग गर्दा क्विजिङ्ग फ्रि गरिदिन्छु । मेकअपको कोर्षमा तीनवटा हेयरको स्टायल फ्रि गरिदिन्छु । आफु नै बसेर सिकाउने हुँदा राम्रोसँग बुझेर छोटो समयमै सिकेर जानुहुन्छ ।

**कति भयो यो पेशामा लाग्नु भएको ?**

डेढ दशकको अथक प्रयास र अनवरत मिहेनतले आज म यो स्थानमा पुग्न सकेकी हुँ । सौन्दर्य कलाको क्षेत्रमा विशिष्टता हासिल गर्नुले पनि आफ्नो पेशाप्रतिको इमान्दारिता र मेरो मिहेनतको प्रतिफल हुनुपर्छ । फिल्म र पार्लर दुबैतिरको अनुभव भएकोले काम गर्न सहज बनेको छ ।

**आफुलाई सफल भएजस्तो ठान्नुहुन्छ ?**

आफ्नो विधामा केही नयाँ गरौं भन्ने चाहना सदा रहन्छ । आफ्नो कामबाट सन्तुष्टि मिल्नु नै सफलता हो ।

**फिल्म र पार्लरमा मेकअप गर्नुको भिन्नता ?**

कलाकारहरुको मेकअप गर्नु र आम मान्छेको गर्नुमा धेरै फरक पर्छ । पार्लरमा मेकअप गर्नु भन्दा अलि भिन्न हुन्छ कलाकारको मेकअपमा । पार्लरमा व्यक्तिको चाहना अनुसारको काम हुन्छ भने फिल्ममा पात्रको भूमिका अनुरासको हेयरड्रेसर र मेकअप गर्नुपर्ने हुन्छ ।

**यो क्षेत्रमा आफुलाई कहाँ पाउनु हुन्छ ?**

त्यतिबेला मैले गरेको लगानीको प्रतिफल लिँदैछु अहिले । जुन मेरो लक्ष्य थियो एउटा उचाईमा पुग्ने त्यो केही हदसम्म साकार भएको छ । विविध ब्युटी प्याजेन्टहरुमा आफ्नो सहभागिता जनाई उत्कृष्टता हासिल भएँ । साथै विविध कार्यक्रमहरुमा हेयरड्रेसर तथा मेकअप आर्टिष्टको रुपमा रही पुरस्कृत समेत भएकी छु ।

**प्रशिक्षणको अवस्था कस्तो छ ?**

पछिल्लो समय नेपालमा पार्लर कोर्षको राम्रो व्यवस्था छ । जहाँ पनि प्रशिक्षणको व्यवस्था गरिएको हुन्छ । सौन्दर्य सम्बन्धी ज्ञान लिएर विदेश वा स्वदेशमा केही गर्न चाहने दिदी बहिनीहरुलाई यही सल्लाह दिन चाहन्छु कि सीप सिक्ने हो भने दक्षता हासिल हुने गरी सिक्नुहोस् ।

**आफ्नो पेशाप्रति के धारणा छ ?**

आफ्नो उत्तम करियर निर्धारण गर्ने थलो पनि हो र यो पेशा संवेदनशील पनि छ । ब्युटीसियन पेशा एक यस्तो माध्यम हो जसमा विविध विषय वस्तुहरु मिश्रितरुपमा रहेका हुन्छन् । यस अन्तर्गत स्क्रीन, हेयर, मेकअप, नेलदेखि लिएर सौन्दर्यसँग सम्बन्धित अनेकन विषयहरु पर्दछन् । जहाँ सौन्दर्यका कुरा उठ्छन् त्यहाँ ब्युटीसियनको आवश्यकता पर्छ नै वा श्रृंगार कलाको । सिनेमाका कलाकार हुन् वा आम मानिस मेकअप बिनाको सौन्दर्य सोच्न पनि मुश्किल हुन्छ ।

## नाटक 'उलार' वैशाख ६ देखि मञ्चन हुँदै

**काठमाडौं/मस–** लेखक नयनराज पाण्डेको नाटक 'उलार' राजधानीमा मञ्चन हुँदैछ । गार्डेन थिएटर प्रडक्सनले कथा घेरासँगको सहकार्यमा निर्माण गरेको उक्त नाटक यहि बैशाख ६ गतेदेखि टेकूस्थित कौशी थिएटरमा मञ्चन हुन लागेको हो ।

चे शंकरको रूपान्तरण र निर्देशनमा मञ्चन हुने नाटक उलारमा दुरा संजय गुप्ता, सरिता गिरी, नविन चन्द्र अर्याल, सबिर चौराटे, विशाल केसी, विवेक नाथ कुँवर, बिम्ब अधिकारी, गिता सोब, एडन बत्री, मारुती सापकोटा, ऋषिकेश बस्याल, निर्भिक भट्टराई, ब्रिन्दा बस्नेत, रेवन चासुमहाङ्ग ताम्ला राई, कृति गजुरेल, शेखर चापागाई, अरुण पौडेललगायतका कलाकारको अभिनय रहनेछ ।




नाटकको लाइट्समा धिरज थापा मगर र साउन्डमा मनोज महर्जनको संयोजन रहनेछ । नाटक मंगलबार बाहेक हरेक साँझ ५ बजे र शनिबार अतिरिक्त शो १ बजे पनि रहनेछ । नाटक बैशाख १८ गतेसम्म मञ्चन हुने आयोजकले जनाएको छ ।

## 'केजीएफ २'ले हिन्दी भर्सनमै कमायो दुई दिनमा सय करोड

**काठमाडौं/एजेन्सी–** साउथ सुपरस्टार यश अभिनीत फिल्म 'केजीएफ २'ले बक्सअफिसमा डंका पिटेको छ । फिल्मले प्रदर्शनको दुई दिनमा नै बलिउड र साउथका कयौं फिल्मको रेकर्डलाई पछाडि पारेको छ । हिन्दी भर्सनमा पहिलो दिन नै ५३ करोड ९५ लाखको सानदार ओपनिङ गरेको फिल्म दोस्रो दिन पनि कमाईमा अब्बल देखियो । दुई दिनको कमाईसँगै फिल्म सय करोडमा सामेल भएको छ ।

दोस्रो दिन शुक्रवार ४६ करोड ७९ लाखको व्यापार गर्दै फिल्मले हिन्दी भर्सनमा १ सय ७४ लाखको कमाई गर्न सफल भएको हो । फिल्मको कमाईलाई ट्रेड एनालिस्ट तरण आदर्शले 'सुनामी'को संज्ञा दिएका छन् । सन् २०१८ मा रिलिज भएको 'केजीएफ'को हिन्दी भर्सनको लाइफटाइम कलेक्सन ४४ करोड ९ लाख मात्र थियो । 'केजीएफ २'ले पहिलो दिन नै आफ्नै रेकर्ड ब्रेक गरेको छ ।

ट्रेड एनालिस्ट तरण आदर्शका अनुसार, फिल्मले 'बाहुबली २' र 'दबंग'को व्यापारलाई पछ्याइरहेको छ । फिल्मले चार दिनमा १ सय ८४ करोडको व्यापार गर्ने उनको अनुमान छ । फिल्मले भारतमा मात्र नभइ विश्वभर सानदार कमाई गरिरहेको छ । नेपालमा मात्र फिल्मले प्रदर्शनको दुई दिनमा चार करोड छापेको जानकारीमा छ । नेपालमा 'केजीएफ २'को गजबको क्रेज देखिएको छ ।

**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Road Division Mahendranagar**
**Kanchanpur**

**Notice of Intention to Award Contract**

**Date of Publication: - 2079/01/04**

Road Division Mahendranagar hereby notifies and intends to award the following listed contracts and publish this notice to all concerned bidders regarding our *Bid Notice No 05-RDMNR/078/79* (published on Aarthik National Daily dated 2078/07/07) and *07-RDMNR/078/79* (published on Annapurna National Daily dated 2078/08/20) in accordance with ITB Clause 37 and Public Procurement Act 2063 Clause 27.2, 27.3 and for the purpose of clause 47 of PPA, 2063.

| S.N | Contract No. | Name and Address of Bidder | Total Bid Amount including PS, without VAT (NRs) |
|---|---|---|---|
| 1 | RDMNR/337011764/ 078/79-026 | Nagarjun Construction Co., Pvt. Ltd., Kathmandu | 10,36,02,219.56 |
| 2 | RDMNR/337011764/ 078/79-036 | K.S./Bashuling JV, Kanchanpur | 9,91,87,533.70 |

**Division Chief**

**Tilagupha Municipality**
**Office of the Municipal Executive**
**Galje, Kalikot District**
**Karnali Province, Nepal**

**Invitation of Electronic Bids**

**First Date of Publication: 2079/01/04 (17/04/2022)**

1. The Tilagupha Municipality, Office of The Municipal Executive, Galje, Kalikot invites electronic bids from eligible Bidder submit their bid electronically through E-procurement section of PPMO's Web site http://www.bolpatra.gov.np/egp on or before the deadline of 2079/02/03 (17/05/2022) at 12:00 hour. For more details :-visit e-procurement section of PPMO's Web site http://www.bolpatra.gov.np/egp and www.tilagufamun.gov.np.
2. Bidder can submit the Bid Security in the form of cash in Deposit Account No.06201050250382 (Dharauti account) at Nepal Investment Bank Branch office Nagma, Kalikot or in the form of bank guarantee in favor of Tilagupha Municipality, Office of The Municipal Executive, Galje, Kalikot as per standard format provided in Bid documents (Contract No. should be clearly mentioned, otherwise will not be accepted). Bid security validity period for tender shall be 120 days from the date of bid opening and should submit/upload the original receipt of the deposited amount of cash along with the Bid document. The Bidder shall be required to deposit the cost of bidding document (as specified in the below table) in the Office's revenue Account no . : 06201400250009 at Nepal Investment Bank Branch office Nagma, Kalikot.

**Contracts Description Table (CDT)**

| S.N | Contract No. | Description of location of work | Estimated Amount, NRs (Including VAT) | Bid Security Amount (NRs) | Fee for bid Document NRs. |
|---|---|---|---|---|---|
| 1 | TGM/KKT/LKICCP/ NCB/01/2078/079 | Loth khola Irrigation canal construction Project | 96,01,040.579 | 2,45,000.00 | 3,000.00 |
| 2 | TGM/KKT/GTRRCP/ NCB/02/2078/079 | Galje-Thinke Rural Road Construction Project | 94,08,134.08 | 2,40,000 | 3,000.00 |
| 3 | TGM/KKT/SKICCP/ NCB/03/2078/079 | Sigade khola irrigation canal construction project | 96,03,484.069 | 2,45,000.00 | 3,000.00 |

**Chief Adminstrative officer**

# उत्कृष्ट प्रदर्शनको लक्ष्य

**काठमाडौं/मस-** नेपाली राष्ट्रिय फुटबल टोलीले जेठ अन्तिम साता हुने एएफसी एसियन कपअन्तर्गत तेस्रो चरणको छनोटका लागि तयारी शुरू गरिसकेको छ । कठिन मानिएको समूहमा रहेको नेपालले छनोटमा उत्कृष्ट प्रदर्शनको आशा राखेको छ । नेपाली टोलीले यस छनोटलाई महत्वपूर्ण प्रतियोगिताको रुपमा लिएको छ ।

शनिबार दशरथ रंगशालामा दोस्रो दिनको अभ्यास सकिएपछि नेपाली टोलीका उपकप्तान रोहित चन्दले छनोटमा उत्कृष्ट प्रदर्शन गर्नका लागि योजनावद्ध तरिकाले तयारी गरिरहेको बताएका छन् ।

'खेलाडीको रुपमा सबै प्रतियोगिता महत्वपूर्ण हुन्छ । अन्य प्रतियोगिता जस्तै यो पनि हाम्रो लागि महत्वपूर्ण छ । हाम्रो फोकस एसियन छनोटमा हो। त्यही हिसाबले तयारी गरिरहेका छौं,' उनले भने ।

पहिलो दिनको प्रशिक्षणपछि दशरथ रंगशालामा आयोजित पत्रकार सम्मेलनमा मुख्य प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीले नेपाल निक्कै बलियो समूहमा रहेको बताउँदै धेरै अपेक्षा राख्नु उपयुक्त नहुने



बताएका थिए ।

तर, छनोटको सम्भावना कम भएपनि उत्कृष्ट खेल प्रदर्शन गर्ने रोहित बताउँछन् । 'प्रशिक्षकले भनेअनुसार हाम्रो सम्भावना एकदमै कम छ, तर हामीले हाम्रो सक्ने दिने हो । आशा छ हामीले राम्रो गर्छौं,' उनले भने ।

यता, नेपाली टोलीका नियमित सदस्य सुजल श्रेष्ठ प्रशिक्षकको अभिव्यक्तिले टोलीलाई कुनैपनि नकारात्मक असर नगरेको बताउँदै छनोट चरणमा गर्व गर्न लायक प्रदर्शन गर्ने बताए । 'युवा र सिनियरको मिश्रित भएर टिम राम्रो देखिन्छ । प्रशिक्षकले भनेका कुरा हामीले पढ्यौं । प्रशिक्षकले छनोट हुन्नौं भन्नु भएको छ, तर मनमा हाम्रो लक्ष्य छनोट हुने नै छ । देशको लागि गर्व गर्न लायक खेल प्रस्तुत गर्छौं,' उनले भने ।

चोटबाट फर्किएका नवयुग श्रेष्ठले आफुलाई पहिलाको फर्ममा आउन राम्रो मौका रहेको बताए । उनले भने, 'मलाई पहिलाको फर्ममा आउनु छ । कमब्याक गरिरहेको छु । तयारी हामीले गरिरहेका छौं ।' यस्तै अनन्त तामाङले भने, 'हामी खेल्नलाई जाने हो । जीत हार पछिको कुरा हो । पछि के हुन्छ भन्ने कुरा त्यसपछि थाहा होला । उनीहरु हामीभन्दा राम्रो टिम छ । तर पनि हामीले हाम्रो तर्फबाट शतप्रतिशत दिएर खेल्छौं ।'

छनोटमा नेपाल समूह 'ए' मा रहेको छ । यस समूहमा कुवेत, इन्डोनेसिया र जोर्डन रहेका छन् । छनोट खेलहरु जुन ८ देखि १४ सम्म हुनेछ । नेपालले जुन ८ मा जोर्डनसँग खेल्दै छनोटको शुरुवात गर्नेछ । दोस्रो खेलमा नेपालले जुन ११ मा कुवेतको सामना गर्नेछ । नेपालले जुन १४ मा इन्डोनेसियाविरुद्ध खेल्नेछ ।

छनोटबाट समूहको शीर्ष टोली चीनमा आयोजना हुने एसियन कप २०२३ मा छनोट हुने छन् । यस्तै ५ समूहको उत्कृष्ट दोस्रो टोलीले समेत चीनको टिकट पक्का गर्नेछ ।

# मलेसियालाई हराउँदै रुपन्देही च्याम्पियन




**रुपन्देही/मस-** रुपन्देही-११ले प्रो-क्लब च्याम्पियनसिपको उपाधि जितेको छ । शनिबार भएको फाइनल खेलमा मलेसिया-११ लाई ७ विकेटले पराजित गर्दै रुपन्देहीले उपाधि जितेको हो । मलेसियाले दिएको १४१ रनको सामान्य लक्ष्य रुपन्देहीले १९ ओभरमा ३ विकेट गुमाउँदै भेटायो ।

रुपन्देहीका लागि प्रजज्वल थापाले सर्वाधिक ७१ रन बनाए । उनले ६१ बलमा ८ चौका र २ छक्का प्रहार गरे । त्यस्तै सन्दिप रजाइलीले ४५ बलमा ४ चौका र १ छक्कासहित ४१ रन बनाए। ओपनर देव खनालले १२ रन बनाए । बसिर अहम्मद र कृष्ण कार्कीले २/२ रनमा नटआउट रहे । मलेसियाको लागि शाहिद अजिज, मुहम्मद वकिफ र शार्भिन मुनियान्डीले १/१ विकेट लिए ।

त्यसअघि भैरहवाको सिदार्थनगरस्थित सिदार्थ क्रिकेट रंगशालामा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको मलेसियाले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १४० रन बनाएको थियो । मलेसियाको लागि नर्जरिल रहमानले सर्वाधिक ३६ रन बनाए। उनले २२ बलमा ४ चौका र २ छक्का प्रहार गरे। मुहम्मद आमिर १८ रनमा नटआउट रहे । त्यस्तै, जुबैदी जुलफुक्लेले १६ बलमा ४ चौका र १ छक्कासहित २६ रन बनाए। शाहिद अजिजले २०, अहम्मद फैजले १२ र वीरन्दिप सिंहले ११ रन बनाए । रुपन्देहीका लागि बसिर अहम्मदले २ विकेट लए । विक्रम भुसाल, विशाल बिक्रम केसी, कप्तान कृष्ण कार्की र रुपेश कुर्मीले १/१ विकेट लिए ।

उपाधिसँगै रुपन्देहीले दुई लाख ५० हजार रुपैयाँ हात पाऱ्यो । प्रतियोगिताको उत्कृष्ट खेलाडी रुपन्देहीका बसिर अहम्मद बने । मलेसिया नेपाल र पीएनजीसँग त्रिकोणात्मक सिरिज खेल्न आएको थियो । उक्त सिरिज खेलेर प्रो क्लब खेल्न भैरहवा पुगेको थियो । समूह चरणमा मलेसियालाई रुपन्देहीले ६ विकेटले हराएको थियो ।

# एकदिवसीयमा नेपालको वरीयता यथावत

**काठमाडौं/मस-** अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आईसीसी) को एकदिवसीय वरीयतामा नेपाल यथावत रहन सफल भएको छ । आईसीसीले सार्वजनिक गरेको नयाँ वरीयतामा नेपाल यथावत रहदै १८ औं स्थानमा रहेको छ । अघिल्लो वरीयतामा समेत नेपाल १८ औं स्थानमा थियो ।

नयाँ वरीयतामा नेपालले १७ खेलमा १८ रेटिङ अंक पाएको छ । नेपाल भन्दा तल अमेरिका र पपुवा



न्युगिनी रहेको छ । नेपालले गत मार्चमा ६ एकदिवसीय अन्तर्राष्ट्रिय खेल खेलेको छ । जसमा नेपालले २ खेल मात्र जित्न सफल भएको थियो ।

नयाँ वरीयतामा न्युजिल्यान्ड शीर्ष स्थानमा रहेको छ । यस्तै, दोस्रोमा इंग्ल्याण्ड, तेस्रोमा अष्ट्रेलिया, चौथोमा भारत र पाँचौ स्थानमा दक्षिण अफ्रिका रहेको छ । टी-ट्वान्टी वरीयतामा भने नेपाल १२ औं स्थानमा रहेको छ ।

## साउदीमा रोजगार

१. कम्पनी: KAVA COFFEE ESTABLISHMENT FOR SERVING MEALS — शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७९/०१/०२ चलानी नं.: ६०१७७९३५ L.T. No.: 261724

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४८,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | waiter | 2 | 0 | | 1300 | ४२,१५९ | | | | | | | |

२. कम्पनी: ABDULLAH RASSAM MISRYBAJRI FACTORY FOR INDUSTRY — शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७९/०१/०२ चलानी नं.: ६०१७७९३४ L.T. No.: 261723

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३ कम्पनी: FAST FOOD PIE BUFFET — शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७९/०१/०२ चलानी नं.: ६०१७७९३३ L.T. No.: 261722

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख ११ गते (24 April 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ८३४/०६६/०६७

**चाँदनी म्यानेजमेन्ट सर्भिसेज प्रा. लि.**

बसुन्धारा, काठमाडौं, नेपाल, फोन: ४९५५४२२, ४४९६०५२

## कतारमा रोजगार

१. कम्पनी : PASSION STAR TRADING AND CONTRACTING — शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७९/०१/०२ चलानी नं.: ६०१७७९४४ L.T. No.: 261725

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 1 | 0 | स. काममा दक्ष | 2500 | ८२,९७५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason | 1 | 0 | | 1100 | ३६,५०९ | | | | | | | |

२. कम्पनी : JAISWAL TRADING AND HOSPITALITY SERVICES WLL — शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७९/१/०२ चलानी नं.: ६०१७७९४५ L.T. No.: 261726

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,१९० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Representative | 1 | 0 | | 2200 | ७३,०१८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख ११ गते (24 April 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. १०७७/०७३/०७४

**Mac International Manpower Pvt. Ltd.**

Bhimsengola-9, Old Baneshwor, Kathmandu, Nepal

Tel-: +977-1- 4489970, 4489920. Mobile: 9813591490, 9813965529

Email: macintlmanpower@gmail.com Website : www.macintlmanpower.com

Provincial Government
Ministry of Health
Province no-1
Health Directorate

## District Hospital Phaplu, Solukhumbu

### Invitation for Bids

**Contract Identification No: Solukhumbu Hospital/ Procument of I.C.U Equipment and mechine NCB-DH/02/78/79**

Date of publication:April 17, 2022

1. District Hospital Phaplu,Solukhumbu invites electronic bids from all eligible bidders for the Procument of I.C.U. Equipment and mechine for District Hospital Phaplu,Solukhumbu under National Competitive Bidding Procedure.
2. The details are

| S.N. | Contract No. | Name of procurement | Document Fee NRs | Bid Security NRs |
|---|---|---|---|---|
| 1 | Solukhumbu Hospital/ Procument of I.C.U Equipment and mechine NCB-DHP/02/78/79 | Supply and Procument of I.C.U. Equipment and mechine | 3,000.00 | 1,87,000.00 |

3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of District Hospital Solukhumbu , and Telephone 038-520188 or may visit www.bolpatra.gov.np/egp
4. Bidder shall purchase their bid electronically from bolpatra.gov.np/egp . upon payment of non-refundable fee as mention above with tax clearance certificate of FY 2077/2078
5. Information for the cost of Biding Document
   **Name of the Bank: Rastriya Banijya Bank,Salleri,Solukhumbu Name of the Office: District Hospital Solukhumbu,**
   **Office CodeNo.:3500409022**
   **Account No.1000200010000**
   **Revenue Head No. :14229**
   **For bid security (in case of cash)**
   **Name of the Bank: Rastriya Banijya Bank,Salleri,Solukhumbu**
   **Name of Account.: Pradesh Dharauti Khata, Solukhumbu**
   **Account No.2020100020203000**
6. The bid must be submitted electronically before 24 April 2022 12.00 hrs
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hours on 24 Apr 2022 at the District Hospital, Phaplu,Solukhumbu, Nepal. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security amount mention in above table which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the day shall be considered as the last date the same as specified for the original last date of bid purchasing/submission.

**District Hospital, phaplu, solukhumbu**

---

नेपाल सरकार
उद्योग मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६।०३।०९ मा दर्ता भएको दर्ता नं. २१७९३२/०७५/०७६ को **कृष्टिना पशुपालन तथा कृषि फार्म प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९।०१।०२ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति: २०७९/०१/०४**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिती २०७८/०५/०१ को निर्णयानुसार यस **ओम बि.के. ट्रेडर्स प्रा.लि.** कम्पनी को नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित कम्पनी **ओम बि.के. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (Om B.K. Construction and Suppliers Pvt. Ltd.)** ले सकार्ने ब्यहोर्ने गरी नाम परिवर्तन गर्ने सम्बन्धमा स्वीकृति प्राप्त भएको हुँदा सोही ब्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**ओम बि.के. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.**
**(Om B.K. Construction and Suppliers Pvt. Ltd.)**
**(प्रा.लि.नं.: १७८७३०/०७४/०७५)**
**काठमाण्डौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ११**

---

नेपाल सरकार
उद्योग मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदाबी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०६८/०५/१८ मा दर्ता भएको दर्ता नं. ८६१६९/०६८/०६९ को **फिदर टेक प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरीपाउँ भनि यस कार्यालयमा निबेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

नेपाल सरकार
उद्योग मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदाबी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०६७/११/०८ मा दर्ता भएको दर्ता नं. ८०७६८/०६७/०६८ को **बि.एन.पि. ट्रेडर्स प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरीपाउँ भनि यस कार्यालयमा निबेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

# सामाजिक सुरक्षा कोषमा प्रतिष्ठान र श्रमिकहरुको आकर्षण बढ्दो छ

विभिन्न क्षेत्रमा आवद्ध भएर श्रम गरिरहेका श्रमिकहरुको हितलाई ध्यानमा राखेर नेपाल सरकारले सञ्चालन गरेको योगदानमा आधारित सामाजिक सुरक्षा कोषले पछिल्लो समयमा आफ्नो व्यवसायलाई तिव्र गतिमा विकास गर्दै लगेको छ । कोषले वर्षेनी रुपमा आफ्नो व्यवसायको आकार र क्षेत्रलाई पनी बिस्तार गरेको तथ्यांकले देखाएको छ । श्रमिक लक्षित गरेर ल्याइएका विभिन्न स्किमका कारण कोषको सकरात्मक विकास भएको कोषको दाबी छ । प्रस्तुत छ, सामाजिक सुरक्षा कोषको पछिल्लो अवस्था र भावी कार्यक्रमबारे **मध्यान्ह राष्ट्रिय दैनिक**का संवाददाता **नारायण अर्याल**ले कोषका कार्यकारी निर्देशक **कपिलमणि ज्ञवाली**सँग गरेको कुराकानीका सम्पादित अंश :



**कपिलमणि ज्ञवाली**
कार्यकारी निर्देशक, सामाजिक सुरक्षा कोष

**सामाजिक सुरक्षा कोषको पछिल्लो अवस्था कस्तो छ ?**

सामाजिक सुरक्षा कोषमा अहिले ३ लाख २७ हजार श्रमिक आवद्ध छन् । अहिलेसम्म १५ अर्ब भन्दा धेरै रकम संकलन भएको छ । कोषमा आवद्ध हुनेहरुलाई विभिन्न ४ वटा स्किममा झण्डै १ अर्ब रकम भुक्तानी गरेका छौं ।

सुरुदेखि नै कोषले अनलाइनमार्फत रकम जम्मा गर्ने प्रणाली विकास गरेको थियो । पछिल्लो समयमा हामीले कल सेन्टरलाई थप व्यवस्थित गरेका छौं । हामीले स्किम अन्तर्गत भुक्तानी लिन आउनेलाई आजको आजै भुक्तानी दिने व्यवस्था मिलाएका छौं ।

अब हामीले नयाँ गर्न खोजेको कुराहरु भनेको कोषमा नियमित योगदान गर्नेहरुले दुर्घटना, औषधी उपचार, असक्तता, आश्रित परिवार, पेन्सन हुँदा आदि अवस्था बापत प्राप्त गर्ने सुविधालाई हामीले क्यासलेस र फेसलेस गरेर अगाडि बढाउन खोजेका छौं । परिक्षणको रुपमा हामीले १० वटा जति अस्पतालमा यो सेवा शुरु गरेका छौं । भनेको कोषमा योगदान गर्नेहरुले औषधी उपचार गर्न जाँदाखेरी कोषमा एमओयु गरेका अस्पतालहरुमा कार्ड देखाएर उपचार गरेर हिँड्न पाउनुहुन्छ । जेठ लागेपछि यसलाई हामीले औपचारिक रुपमा मन्त्रीज्युबाट सुरुवात गर्दैछौं । कामको सिलसिलामा भएको दुर्घटनामा सम्पुर्ण उपचार खर्च र कामको शिलशिला भन्दा बाहिर भएको दुर्घटनाको ७ लाख सम्मको खर्च कोषले नै व्योहोर्छ भने अन्य विमारी भएको अवस्थामा कोषले १ लाखसम्मको उपचार खर्च व्योहोर्ने गर्दछ ।

**बैंकका कर्मचारीहरुले सामाजिक सुरक्षा कोषमा आवद्धता हुनुपर्ने विषयलाई अस्विकार गर्दै आन्दोलन गरेका थिए । अहिले त्यो विषय के भइरहेको छ ?**

यो विषय अहिले सर्वोच्च अदालतमा विचाराधिन अवस्थामा रहेको छ । सायद वैशाख १५ गते पेशी हुने कुरा छ ।

**कोषले आफ्नो बिजनेसलाई तिव्रताकासाथ अगाडि बढाइरहेको छ । खासमा अहिले कोषसँग जोडिने आकर्षणहरु चाहिँ के छन् ?**

दुर्घटना बापतको सम्पुर्ण उपचार खर्च र कोषमा आवद्ध व्यक्तिको मृत्यु भएमा आश्रित परिवारले पाउने पारिश्रमिक बराबरको पेन्सन सुविधा जस्ता कुराहरु अन्यत्र रहेको अवस्था छैन् । कोषले लागु गरेको सुविधा श्रम ऐनमा भएको व्यवस्था हो । हामीले उपलब्ध गराइरहेको दुर्घटना, उपचार, वृद्ध अवस्था, पेन्सन, आदि लगायतका प्याकेज आकर्षक रहेका छन् । यसभन्दा अगाडि जो कर्मचारी संचय कोषमा आवद्ध हुनुभएको थियो, उहाँहरुलाई सामाजिक सुरक्षा कोषमा आउँदा उहाँहरुको भुक्तानी सुविधा दिने निर्णय सो कोषले गरेकाले पनि सहजता भएको छ ।

रोजगारदाताले कोषमा आवद्ध भइसकेपछि रोजगारदाताको दायित्व त श्रम ऐनले गरेको छ । सामाजिक सुरक्षा कोषमा रोजगारदाता जोडिने वित्तिकै उहाँहरुले पुरा गर्नुपर्ने दायित्व कोषमा आइपुग्छ । जसले गर्दा रोजगारदातालाई सहजता हुन्छ । अर्को, नेपाल सरकारले सामाजिक सुरक्षा कोषलाई अहिलेसम्म ६ महिनाको बराबर रकम प्रदान गरिसकेको छ । भन्नाले यो कोषमा आवद्ध हुँदा सरकारले पनि अप्ठ्यारो परिस्थितिमा हेर्ने गर्दछ । कोषमा आवद्ध हुँदा रोजगारदातालाई सोसियल सेक्युरिटी ट्याक्स बापत लाग्ने १ प्रतिशत नलाग्ने र श्रमिकहरुले ५ लाखसम्म ट्याक्स सुविधा पाउने जस्ता व्यवस्था समेत रहेको छ । जुन सुविधाहरु अन्यत्र नभएको कारणले कोषमा थप आकर्षण बढ्न गएको छ । तथ्यांकले पनि कोषमा योगदानकर्ताहरुको संख्या क्रमश: बढ्दै गएको देखाउँछ ।

**वर्तमान व्यवस्थाअनुसार संगठन संरचनाको विकास गर्ने सन्दर्भमा के कस्ता कार्यक्रमहरु अगाडि बढाउँदै हुनुहुन्छ ?**

कोषको संगठन संरचनाको सन्दर्भमा मन्त्रीज्युमार्फत नै इनिसियसन लिएर ७ वटै प्रदेशमा यसको कार्यालय संरचना निर्माण गर्ने विषय अगाडि बढेको छ । यद्यपी कोषले काम गर्ने पद्दती अनलाइनमा छ । तर सबै प्रदेशमा स्मार्ट आउटलेट भएमा लोकल कन्ट्रिव्युटरहरुलाई सहजिकरण गर्ने, आवश्यक परामर्श दिने, आदि जस्ता कामहरु गर्न सजिलो हुन्छ ।

अर्को यसमा आकर्षण बढ्ने कुरा के छ भने सामाजिक सुरक्षा कोषमा आवद्ध भएका १ सय ६० जना विभिन्न कारणले बित्नुभयो, उहाँहरुले यो कोषमा योगदान गर्न थालेको ३ वर्ष पुगेको थिएन् । कोषको नियमअनुसार उहाँहरुको आश्रित परिवारले उहाँहरुले प्राप्त गर्ने आधारभुत पारिश्रमिक प्राप्त गर्नुभएको छ । यसको सकरात्मक प्रचार अहिले कोषमा आवद्धता नभएका अन्य प्रतिष्ठानहरुमा पनी पुगेको छ । त्यस्तै सुरुको अवस्थामा कोषमा रकम जम्मा गर्नेहरुलाई ब्याज दिन ढिला भएको थियो, तर अहिले बोर्डबाट निर्णय गरेर सो प्रकृयालाई चाँडो गर्ने व्यवस्था मिलाएका छौं । अहिले सरकारहरु परिवर्तन भएपछि पनि यो कोष सरकारको प्राथमिकतामा पर्दै आएको छ । जस कारणले पनि कोषको विश्वासनियतामा थप विकास हुँदै गएको छ ।

**कोषले उपलब्ध गराउँदै आएको सुविधाका प्याकेजहरु सम्बन्धित पक्षलाई उपलब्ध गराउनको लागि कोष स्वयं सक्षम हुँदै गइरहेको छ कि, सरकारले समय-समयमा अनुदान उपलब्ध गराइरहनुपर्ने अवस्था रहन्छ ?**

अहिले कोषले उपलब्ध गराउँदै आएको स्किम सञ्चालन गर्न कोष आँफै सक्षम छ । सँगै यो छुट्टै ऐनबाट सञ्चालित स्वायत्त संस्था हो र ऐनमा भएको व्यवस्था के हो भने यदि यसले सञ्चालन गरेका स्किममा संस्थाको तर्फबाट पुगेन भने त्यसको दायित्व सरकारको हुन्छ । सरकारले कोषलाई पवर्द्धन गर्ने काम पनि गरिराखेको र अप्ठ्यारो पर्दाखेरि पनी हेर्ने सुविधालाई कार्यान्वयन गर्दै आएको छ ।

> रोजगारदाताले कोषमा आवद्ध भइसकेपछि रोजगारदाताको दायित्व त श्रम ऐनले गरेको छ । सामाजिक सुरक्षा कोषमा रोजगारदाता जोडिने वित्तिकै उहाँहरुले पुरा गर्नुपर्ने दायित्व कोषमा आइपुग्छ । जसले गर्दा रोजगारदातालाई सहजता हुन्छ ।

**पछिल्लो अवस्थामा आर्थिक रुपमा कोष नाफा/घाटाको कस्तो अवस्थामा रहेको छ ?**

नाफा नै त नभनौं, तर कोष बचतको अवस्थामा छ । यहाँ कमाएको पैसा अन्यत्र कसैलाई बाँड्ने होइन् । यहाँ योगदान गर्नेहरुले नै त्यसको रिटर्न प्राप्त गर्ने हो । अहिलेको अवस्थामा कोष सक्षम भएर अगाडि बढेको छ । अहिलेसम्म यसका स्किमहरु कार्यान्वयन गर्न सरकारसँग जान परेको अवस्था छैन् । त्यो अवस्थामा पनि ऐनमा व्यवस्था छ ।

**कोषका स्किमहरु आँफैमा आकर्षक रहेका छन् । तर आधुनिक बजारमा बजारीकरणको प्रकृयालाई कोषले कसरी अवलम्बन गर्दै आएको छ ?**

हामीले अहिलेको प्रविधि जुमको प्रयोग गरेर केही समय अगाडिसम्म कोषले हरेक हप्ता निश्चित समय राखेर लाइभ गर्‍यौं । फेसबुक पेजबाट पनि लाइभ गर्‍यौं । कोषले उपलब्ध गराएका सुविधाहरुलाई हरेक प्रतिष्ठान र श्रमिकले बुझ्न जरुरी छ । हामीले प्रतिष्ठानहरुलाई अनुरोध गरेर सिनियर म्यानेजमेन्ट टिम, समुह, युनियन र रोजगारदाताहरु लगायतलाई हामीले विभिन्न चरणमा सोसियल सेक्युरिटीका स्किमका बारेमा यसले के-के सुविधाहरु दिन्छ, यसका कानुनी व्यवस्थाहरु के-के छन्, के-के पाइएको छ, के भयो पाइन्छ र के भयो भने पाइदैन भन्ने खालका सचेतनासम्बन्धी कार्यक्रम हामीले नियमित रुपमा दिइरहेका छौं । यस्तो कार्यक्रम हामीले अनलाइन र भौतिक दुबै रुपमा सञ्चालन गर्ने गरेका छौं ।

**अहिलेसम्मको अनुभवमा सामाजिक सुरक्षा कोष सञ्चालन गरिरहेको विद्यमान ऐन के समसामयिक छ वा यसलाई सुधार गर्नुपर्ने आवश्यकता देख्नुभएको छ ?**

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन बनेको ४ वर्ष भन्दा धेरै भयो । यो कार्यान्वयनमा आउनुभन्दा अगाडि ऐन बन्यो । कार्यान्वयनमा आउँदाखेरी देखिएका समस्याहरुलाई समाधान गरेर समयसापेक्ष बनाउन जुन कार्यक्रम हामीले गर्‍यौं, त्यहाँ रोजगारदाता र श्रमिकहरुले उठाउनुभएका कुराहरुलाई हेरेर योगदानमा आधारित सामाजिक सुरक्षा ऐन र श्रम ऐन दुबै संसोधनको लागि ड्राफ्ट तयार भएर छलफलको चरणको छ । त्यस्तै कार्यविधि पनि गतसाल दोस्रो संसोधन गरेका थियौं । त्यो कार्यविधि भित्रका पनि बिमाङ्कीय मुल्यांकन गरेर योगदानकर्ता मैत्री बनाउनुपर्छ भनेर जुन विषयवस्तुहरुलाई हामीले शमावेश गर्‍यौं, त्यसले हामीलाई कार्यान्वयनमा आउँदा देखिएका बाधा अप्ठ्यारा के-के छन्, कसरी समस्याका समाधान गर्ने भन्ने सन्दर्भमा हामीलाई प्राप्त सुझावहरुको आधारमा सम्भव भएसम्मका कुराहरुलाई सम्बोधन गरेर कार्यविधि पनी संसोधन गर्‍यौं ।

**जुन तपाईंले ऐन संसोधनको लागि ड्राफ्ट तयार भएको कुरा गर्नुभयो । यसमा खास के-के नयाँ कुरा राख्नुभएको छ ?**

कोषमा योगदान कार्यक्रममा शमावेश भएकाहरुले रकम जम्मा गर्दा अर्को महिनाको १५ गतेभित्र जम्मा गर्नुपर्ने भन्ने व्यवस्थालाई व्यवस्थित गर्न खोजेका छौं । कतिपय कुराहरु नियमावलीमा मात्रै भएपनी हुने तर सो कुराहरु ऐनमा नै आएको देखियो त्यस्ता कुराहरुलाई संसोधन गर्न खोजेका छौं । साथै कतिपय कुराहरु कार्यान्वयनको प्रकृयामा आउँदा स्पष्ट नभएको अवस्थामा स्पष्ट गर्न खोजेका छौं ।



> कोषमा आवद्ध हुँदा रोजगारदातालाई सोसियल सेक्युरिटी ट्याक्स बापत लाग्ने १ प्रतिशत नलाग्ने र श्रमिकहरुले ५ लाखसम्म ट्याक्स सुविधा पाउने जस्ता व्यवस्था समेत रहेको छ । जुन सुविधाहरु अन्यत्र नभएको कारणले कोषमा थप आकर्षण बढ्न गएको छ । तथ्यांकले पनि कोषमा योगदानकर्ताहरुको संख्या क्रमश: बढ्दै गएको देखाउँछ ।

**अन्त्यमा रोजगारदाता र श्रमिकहरुलाई के भन्न चाहनुहुन्छ ?**

सामाजिक सुरक्षा कोषमा आवद्ध हुने कुरा श्रम ऐनमा भएको कुरा हो । तपाईंको प्रतिष्ठानलाई श्रम ऐनमा आवद्ध गराउनुभयो भने श्रम ऐनले रोजगारदातालाई जुन दायित्व सिर्जना गरेको छ । त्यो दायित्व जति कोषमा हस्तान्तरण हुन्छ । जसले रोजगारदाता र श्रमिक दुबैलाई हित गर्छ त्यसैले कोषमा नजोडिएका सबै प्रतिष्ठानहरुलाई जोडिन अनुरोध गर्दछु ।

■ ■ ■

## लेकवेशी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कल्याण, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

### उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

## सूर्यगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**चोकदे, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

### सूर्यगढी गाउँपालिकाद्वारा गाउँबासीहरुलाई उपभोक्ता हित संरक्षणमा जारी सूचना ।

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ